# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क ३४ पूर्णाङ्क १७९ | २०७७ वैशाख १ गते सोमबार | Monday, 13 April, 2020 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क.हर्कबहादुर शाहीको प्रथम वार्षिकीमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त



देशको राजनीतिक र सामाजिक परिवर्तनमा उहाँले निर्वाह गर्नुभएको भूमिकाप्रति पार्टीद्वारा उच्च सम्मान प्रकट

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी( क्रान्तिकारी माओवादी)का तत्कालीन पोलिटब्यूरो सदस्य क.हर्कबहादुर शाही ‘ क.दिनेश’ को देहान्त भएको चैत २६ गते प्रथम वार्षिकीको दिनमा नेकपा (क्रान्तिकारी माओवादी) स्थायी समिति सदस्य तथा क.हर्कबहादुर शाही स्मृति ग्रन्थ सम्पादन तथा व्यवस्थापन समितिका बाँकी ७ पेजमा

# महामारी र भोकमरीको चपेटामा जनता, गैरजिम्मेवार सरकार



● इन्द्र राउत

काठमाडौं । विश्वका र नेपालका पनि जनता कोरोना भाइरस (कोभिड-१९)को महामारी र भोकमरीको एकसाथ चपेटामा परेका छन् । यो समाचार तयार पार्दासम्म विश्वका २१० वटा देशका १८ लाखभन्दा बढी मानिस कोरोना भाइरसबाट संक्रमित बनेका छन् भने १ लाख १० हजारभन्दा बढीको मृत्यु भइसकेको छ । दैनिक करिब १ लाखको संख्यामा नयाँ संक्रमितहरू थपिइरहेका छन् । दक्षिण एशियाका मुलुकहरू खासगरी सार्क राष्ट्रहरूमा १५ हजारभन्दा बढी संक्रमित देखिएका छन् भने ५ सयभन्दा बढीको मृत्यु भइसकेको छ । विश्वमा अमेरिका र दक्षिण एशिया तथा सार्क राष्ट्रहरूमा भारत कोरोना भाइरसको इपिसेन्टर बनेको छ । अमेरिकामा दैनिक २ हजारभन्दा बढी मानिसको मृत्यु हुन थालेको छ भने संक्रमितको संख्या ६ लाखको हाराहारीमा पुगिसेको छ । मृत्यु हुनेको संख्या करिब २२ हजार पुगिसकेको छ । संक्रमित र मृत्युहुने राष्ट्रहरूको टप टेनमा अमेरिका, स्पेन, इटाली, फ्रान्स, जर्मनी, चीन, बेलायत, इरान, टर्की र बेल्जियम रहेका छन् । यी मुलुकहरूमा मात्र संक्रमितको संख्या १५ लाखभन्दा बढी रहेको छ भने मृत्यु हुनेको संख्या लाखको वरिपरि रहेको छ ।

***नेपालमा कोरोना संक्रमणको अवस्था***

आइतबार पर्साको बीरगञ्जको छपकैयास्थित एक मस्जिदमा बसेका तीन भारतीय नागरिकलाई कोरोना देखिएको पुष्टि भएको छ । यससँगै नेपालमा कोरोना संक्रमितको संख्या १२ पुगेको छ । विदेश तथा भारतबाट आएका लाखौ नेपाली नागरिकहरूमार्फत् नेपालीहरूमा तीव्र रूपमा संक्रमण फैलिरहेको देखिएको छ तर विदेश तथा भारतबाट आएका अधिकांश मानिसहरूको नै परीक्षण नभएको र सबैको ट्रेस म्यापिङ पनि नभएकोले नेपालमा भित्रभित्रै भुसको आगो सरी कोरोना भाइरस फैलिएको हुनसक्ने अनुमान गरिएको छ । यसअघि कोरोना संक्रमणको आशंकामा चितवन, पोखरा, बुटवल, कपिलवस्तु, ललितपुरको पाटन अस्पताल र वीर अस्पतालमा मृत्यु भएका मानिसहरूको प्रारम्भिक बाँकी ८ पेजमा

## कोरोना संक्रमितको संख्या १२ पुग्यो हेटौँडामा भेटिए थप तीनजना




काठमाडौं । नेपालमा थप तीन जनालाई कोरोना संक्रमित भएको पुष्टि भएको छ । बागमती प्रदेशको राजधानी हेटौंडाको प्रयोगशालामा परीक्षण गरिएका नमूनामध्ये तीन जनामा कोरोना भाइरस देखिएपछि कोरोना संक्रमितको संख्या १२ पुगेको छ । वीरगन्जबाट ल्याइएका तीन बिरामीको (स्वाब) हेटौंडास्थित कीटजन्य रोग अनुसन्धान तालिम केन्द्रको प्रयोगशालामा जाँच गर्दा पोजिटिभ पाइएको थियो । काठमाडौंको टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पुनः परीक्षणपछि कोरोना पोजेटिभ पुष्टि भएको प्रदेश सरकारका एक मन्त्रीले बताए ।

पर्सा जिल्ला प्रशासन स्रोतले बताएअनुसार ती तीनै जना भारतीय नागरिक हुन् । जसलाई पर्साको वीरगन्ज महानगरपालिका छपकैयास्थित मस्जिदमा बसिरहेका बेला नारायणी अस्पताल लगेर आइसोलेसन वार्डमा राखिएको छ । यसबारे हिजो आइतबार स्वास्थ्य मन्त्रालयले आयोजना गर्ने नियमित पत्रकार सम्मेलनमा थप स्पष्ट पारिएको छ ।

## कोभिड-१९को प्रकोपवारे सरकार तथा आम जनताको विशेष ध्यानाकर्षण गर्दै नेकपा(क्रान्तिकारी माओवादी)को प्रेस-वक्तव्य

### *यो स्थिति पैदा हुन गएकोमा नेपाल सरकारको लापरवाही र गैर जिम्मेवारीपूर्ण रवैयाको घोर भर्त्सना*



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले प्रेस-वक्तव्यमार्फत सरकारको लापरवाही र गैरजिम्मेवारीपूर्ण रवैयाको घोर भर्त्सना गर्दै प्रेस-वक्तव्य प्रकाशित गरेको छ । वक्तव्यमा नेपालमा फैलिदै गएको कोरोना भाइरसलाई नियन्त्रण गर्न नेकपा(क्रान्तिकारी माओवादी) र अन्य पार्टी तथा सरोकारवाला व्यक्ति तथा संस्थाहरूले सुझाव दिंदादिंदै पनि सरकारले त्यसको पूरै बेवास्ता गरेका कारण अहिले यो स्थिति पैदा हुन गएको छ भनेर नेपाल सरकारको यस्तो लापरवाही र गैर जिम्मेवारीपूर्ण रवैयाको घोर भर्त्सना गरेको छ । वक्तव्यको पूर्ण पाठ यसप्रकार छः-

**प्रेस-वक्तव्य**

विदेशबाट आएका विरामीहरूबाट नेपालमै रहेका स्थानीय व्यक्तिमा संक्रमण देखिएसंगै कोरोनाजन्य कोभिड-१९को प्रकोप नेपालमा दोस्रो चरणमा प्रवेश गरेको छ । यो नेपाल अव भयावह महामारीतर्फ उन्मूख छ भन्ने कुराको सूचना हो । यो स्थितिमा हाम्रो पार्टीले निम्नानुसारका विषयमा सरकार तथा आम जनताको विशेष ध्यानाकर्षण गर्दछ । बाँकी २ पेजमा

## क. लिला राना (राइफल)को निधनप्रति नेकपा (क्रान्तिकारी माओवादी) ८ नं. प्रदेश समितिको भावपूर्ण श्रद्धाञ्जली



काठमाडौं । २०२० मार्च ३० का दिन नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ८ नं. प्रदेश समितिका सदस्य कमरेड लिला राना (राइफल) को औषधोपचारको क्रममा भारतको चेन्नईस्थित एस.आर.एम. अस्पतालमा दुःखद् निधन भएको छ । उहाँ हाल नेकपा (क्रान्तिकारी माओवादी)को प्रदेश सदस्यको हैसियतमा कार्यरत हुनुहुन्थ्यो । उहाँका ५ दिदीबहिनी, २ छोरी, ज्वाइँ र २ नातिनी हुनुहुन्छ । बाँकी ४ पेजमा

## महामारी नियन्त्रणमा क्रान्तिकारी माओवादीले औंल्यायो सरकारका आठवटा गम्भीर कमजोरी, दियो यस्ता महत्वपूर्ण सुझाव

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले महामारी नियन्त्रण र लकडाउनद्वारा सिर्जित समस्या समाधानमा सरकारले जनताको आँखामा छारो हाल्ने काम गरेको र एकपछि अर्को सरकारले गैरजिम्मेवारपूर्ण रवैया प्रदर्शन गरेको भन्दै सरकारको तीव्र विरोध एवम् भर्त्सना गरेको छ । महामारी नियन्त्रण तथा लकडाउनबाट सिर्जित समस्याहरूलाई आठ बुँदामा उल्लेखित गर्दै ती समस्या अविलम्ब रूपमा समाधान गर्न सरकारसित जोडदार माग गरेको छ । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य‘किरण’द्वारा बुधबार जारी गरिएको वक्तव्यमा यस्तो माग गरिएको छ । वक्तव्यमा उल्लेखित आठ बुँदाको आधारमा सरकारलाई दबाब दिन पनि आम जनसमुदायमा हार्दिक अपिल गरिएको छ ।



वक्तव्यमा भनिएको छ, ‘सरकारले महामारीको नियन्त्रण र लकडाउनद्वारा सिर्जित समस्या समाधान गर्न भनी केही घोषणाहरू पनि गरेको छ । ती घोषणा सुन्दा नराम्रा छैनन् । तर व्यवहारमा हेर्दा ती घोषणाले जनताको आँखामा छारो हाल्ने काम मात्र गरेका छैनन्, बरु तिनले सत्तामा बस्नेहरूका लागि आर्थिक लाभ गराउने साधन बन्न गएको आभाष दिएका छन् । हाम्रो पार्टी यसको तीव्र भर्त्सना गर्दछ ।’

***यस्तो छ महासचिव किरणले जारी गरेको वक्तव्यको पूर्णपाठ***

‘कोरोनाजन्य महामारी कोभिड- बाँकी ३ पेजमा

## कोभिड-१९का सम्भावित चुनौती

***हाम्रो देशसँग जोडिएको, हाम्रो उत्तरतिरको छिमेकी देशमा त्यत्रो महामारी फैलिसक्दा पनि यो महामारीले महिनौंसम्म हिमाल छिचोलेर नेपाल पसेको थिएन । यही अवस्थालाई कायम गर्ने प्रयत्न गर्नका लागि यो हामी नेपालीका लागि महान अवसर थियो । यो अवसरको सदुपयोग गर्ने प्रमुख दायित्व सरकारको हुन जान्थ्यो । दुर्भाग्य, सरकारले नै यो अवसरको सबैभन्दा बढी दुरूपयोग गर्ने भूमिका खेल्यो***



● सी.पी.गजुरेल‘गौरव’ ●

नोबेल कोरोना भाइरस (कोभिड-१९) महामारीका रूपमा फैलिसकेको छ । संसारका करिव २१० देशहरू यसको चपेटामा परेका छन् । यी हरफ लेखिँदा सम्म विश्वभरि नै यो महामारीको संक्रमण हुनेहरूको संख्या १६ लाख ३ हजार ७ सय १९ पुगेको छ भने ९५ हजार ७ सय २२ जनाले ज्यान गुमाइसकेका छन् । निको हुनेको संख्या ३ लाख ५६ हजार ६ सय ५५ पुगेको रेकर्ड गरिएको छ । यो महामारीबाट साम्राज्यवादीदेखि लिएर गरिब र उत्पीडित देशहरू सबै यसका शिकार भएका छन् । त्यसकारण नोबेल कोरोना भाइरसका विरुद्धको लडाईं आज सबैको साझा एजेण्डा बन्नुपर्ने अवस्थाको सिर्जना भएको छ । यो महामारीले आफूलाई सर्वसम्पन्न, सर्ब शक्तिशाली र सबै विषयमा नम्बर १ भनेर दावी गर्ने महाशक्ति राष्ट्रहरूको हैसियतलाई पनि उजागर गरिदिएको छ । संयुक्त राज्य अमेरिका यो महामारीको केन्द्र बन्न पुगेको छ । नेपाली जनतालाई समृद्धि नै समृद्धिले छाइदिने र सुखैसुखले भरपुर बनाइदिने सपना बाँडेर सत्तामा रजाईं गर्ने नेपालका नयाँ शासकहरूको हैसियतलाई पनि छर्लंग पारेको छ । आज हाम्रा अगाडि उपस्थित प्रधान समस्या भनेको नेपाली जनतालाई यस महामारीबाट कसरी बचाउने, यसबाट मानव बाँकी ७ पेजमा

## सम्पादकीय

# ‘विनास काले विपरीत बुद्धि’मा ओली सरकार

आजसम्म विश्वका २१० वटा देशका १८ लाखभन्दा बढी मानिस कोरोना भाइरसबाट संक्रमित बनेका छन् भने १ लाख १० हजारभन्दा बढीको मृत्यु भइसकेको छ। दैनिक करिब १ लाखको संख्यामा नयाँ संक्रमितहरू थपिइरहेका छन् । दक्षिण एशियाका मुलुकहरू खासगरी सार्क राष्ट्रहरूमा १५ हजारभन्दा बढी संक्रमित देखिएका छन् भने ५ सयभन्दा बढीको मृत्यु भइसकेको छ। विश्वमा अमेरिका र दक्षिण एशिया तथा सार्क राष्ट्रहरूमा भारत कोरोना भाइरसको इपिसेन्टर बनेको छ। नेपालमा पनि यसको संक्रमण डबल डिजिटमा देखिन थालिसकेको छ । चैत्र महिनाको अन्तिम दिन विरगञ्जमा थप ३ जनामा संक्रमण देखिएपछि नेपालमा संक्रमितको संख्या १२ पुगेको छ ।

यतिखेर महामारी र भोकमरीको चपेटामा परेर नेपाली जनजीवन अस्तव्यस्त र कष्टकर अवस्थाबाट गुज्रिरहेको छ। महामारी रोकथाप तथा नियन्त्रण गर्न सरकारले देशमा लक डाउन घोषणा गरेको छ । तर लक डाउनसँगै उत्पन्न धेरै समस्याप्रति सरकार पूरै गैरजिम्मेवार बनेको छ । सीमामा आइसकेका आफ्नै नागरिकलाई पनि सरकारले घर आउन दिएको छैन । उनीहरूलाई नेपालभित्र प्रवेश गराएर क्वारेन्टाइनमा राखी निश्चित अवधि पार गरेपछि परिवारको सम्पर्कमा जाने वातावरण मिलाउन चौतर्फी रूपमा आवाज उठिरहँदा पनि सरकारले जनआवाजको बेवास्ता गरिरहेको छ । भारतका विभिन्न शहरबाट मजदुरी गरेर स्वदेश फर्किएका सैयौं नेपालीहरू अहिले पनि सीमामा अलपत्र अवस्थामा छन् । विश्वका विभिन्न देशमा जोखिमपूर्ण अवस्थामा रहेका नेपालीहरूको उद्दारमा त सरकारले कुनै मतलबै गरेको देखिएको छैन । कोरोनाको संक्रमणको आशंकामा उपचार गराइरहेका विरामीहरूको रिपोर्ट नआउँदै र कतिपयको परीक्षण गर्न नपाउँदै मृत्यु भइरहेको छ । मरणोपरान्त आएको रिपोर्ट नेगेटिभ देखिएको भन्दै सरकार भने आत्मरती लिइरहेको छ। जब कि पहिलो पटक परीक्षण गर्दा नेगेटिभ देखिएका केसहरू पनि दोस्रो वा तेस्रो पटकको परीक्षणमा पोजेटिभ देखिने विज्ञ चिकित्सकहरूले दाबी गरिरहेका छन् । बुटवलको अस्पतालमा निधन भएका विरामीको मृत्युको कारण अस्पतालले घोषणा नगर्दा परिवारले ११ औं दिनमा मात्र शव जिम्मा लिएर अन्त्यष्टी गरेको छ। सामान्य ज्वरो आएका विरामीहरूलाई एम्बुलेन्सले बोक्न नमान्ने, निजी अस्पतालले उपचार गर्न नमान्ने, चिकित्सक तथा नर्सहरू छेवै नपर्ने गरेका र अस्पतालमा डुलाउँदा डुलाउँदै विरामीको मृत्यु हुने गरेका समाचारहरू पनि आइरहेका छन् । लक डाउन लम्बिदै गर्दा दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरू, न्युन आय भएका गरिब तथा सुकुम्बासीहरू, विभिन्न देशका शरणार्थीहरू भोकमरीको चपेटामा परेका छन् । उनीहरूलाई लक्षित गरी सरकारले राहतको प्याकेज घोषणा गऱ्यो । तर राहत लक्षित समुदायमा पुग्न सकिरहेको छैन । एकाध त्यस्ता व्यक्तिहरूलाई देखाएर सत्तारुढ डबल नेकपा, प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता कार्यकर्ताहरूले नै स्थानीय जनप्रतिनिधिसँग मिलेर राहत कुम्ल्याइरहेका छन् । र, बितरण गर्दा पनि आफ्नो दलको कार्यकर्ता, समर्थक वा भोटर हो वा होइन भन्दै तोकिएभन्दा कम र गुणस्तर कमसल भएका खाद्य सामग्रीहरू वितरण गर्ने गरिएको गुनासो आइरहेकै छ ।

जनता रोग र भोकले मरिरहँदा सरकार भने स्वास्थ्य सामग्रीको खरिदमा समेत करोडौंको भ्रष्टाचारको सेटिङ मिलाइरहेको छ । ओम्नी ग्रुपले बजार मूल्यभन्दा ४८ गुणा महंगोमा चीनबाट स्वास्थ्य सामग्री खरिद गरेको समाचार बाहिरिएपछि सरकारका उपप्रधानमन्त्री इश्वर पोखरेल नेतृत्वको कथित उच्च स्तरीय संयन्त्र नै शंकाको घेरामा तानिएको मात्र होइन, पोखरेल र स्वास्थ्यमन्त्री भानुभक्त ढकालमाथि समेत छानविन गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी समेत परेको छ । व्यापक आलोचना भएपछि ओम्नी ग्रुपसँग गरिएको सम्झौता रद्द गरेको सरकारले नागरिक प्रशासनलाई लत्याएर सेनालाई स्वास्थ्य सामग्री खरिद गर्न दिएपछि सरकार तथा पोखरेलको नियतमाथि गम्भीर प्रश्न उठाइएको छ। र, अहिले सर्वत्र महामारी नियन्त्रणका लागि सर्बदलीय संयन्त्र निर्माण गरेर काम गर्नुपर्ने आवाज उठिरहेको छ। तर ओली सरकार भने सर्वदलीय संयन्त्रको आवश्यकता नरहेको भन्दै पोखरेल नेतृत्वको उच्चस्तरीय संयन्त्रले नै महामारी नियन्त्रणसम्बन्धी सम्पूर्ण काम गर्ने बताइरहेको छ । महामारीको प्रारम्भिक अवस्थामा एकपछि असफल सावित भइरहेको यो सरकारले सर्बदलीय संयन्त्र निर्माण गर्न देखाएको अनिच्छालाई ‘बिनाशकाले विपरीत बुद्धि’को रूपमा अर्थ्याउन थालिएको छ ।

# नेपालमा कोभिड-१९ र सरकारको भूमिका



● रामसिंह श्रीस ●

**कोभिड-१९ आक्रमणबाट बच्न एकातिर व्यक्तिको सचेत पहल चाहिन्छ भने अर्कातिर सरकारको नीति र कार्यक्रम र पहलकदमी सही हुनुपर्दछ। व्यक्तिको सचेत भूमिका र सरकारको सही नीति र कार्यक्रमको संयोजनबाट नै यो रोगको महामारीलाई कम गर्न सकिन्छ। तर व्यक्तिको सचेत पहलभन्दा सरकारको भूमिका बढी महत्वपूर्ण हुन्छ। व्यक्तिको कमजोरीबाट आउने दूस्परिणामभन्दा सरकारको गलत नीति तथा कार्यक्रमले ल्याउने दूष्परिणाम कैयौं गुणा बढी हुन्छ । सरकारको कमजोरीका कारणले आज नेपालमा जनताले अनावश्यक दुःख पाइरहेका छन्।**

रामसिंह श्रीस

चीनको वुहान शहरबाट सुरु भएको नोभेल कोरोना भइरस (कोभिड-१९) ले आज विश्वमा तहल्का मचाइरहेको छ । यो महामारीको रूपमा विश्वभर फैलिरहेको छ । आज विश्वका मानव समुदाय एकातिर र कोभिड-१९ अर्कोतिर भएर युद्ध लडिरहेका छन् । युरोप, अमेरिकाका विकसित देशहरूमा समेत यो रोग महामारीको रूपमा फैलिरहेको छ । वैज्ञानिकहरू यो रोगको औषधीको खोजीमा लागिरहेका छन् । तर आजसम्म पत्ता लागेको छैन । त्यसकारण यो रोगको संक्रमणबाट बच्न व्यक्तिगत सतर्कता र सामाजिक सम्पर्कको दुरीमा रहनु नै उत्तम विकल्प नै रहेको छ। यो रोगको महामारीबाट बच्न संसारका थुप्रै देशहरूले लकडाउन गरेका छन् । नेपालमा पनि २०७६ चैत ११ गतेदेखि लकडाउन गरिएको छ ।

कोभिड-१९ आक्रमणबाट बच्न एकातिर व्यक्तिको सचेत पहल चाहिन्छ भने अर्कातिर सरकारको नीति र कार्यक्रम र पहलकदमी सही हुनुपर्दछ । व्यक्तिको सचेत भूमिका र सरकारको सही नीति र कार्यक्रमको संयोजनबाट नै यो रोगको महामारीलाई कम गर्न सकिन्छ । तर व्यक्तिको सचेत पहलभन्दा सरकारको भूमिका बढी महत्वपूर्ण हुन्छ । व्यक्तिको कमजोरीबाट आउने दूस्परिणामभन्दा सरकारको गलत नीति तथा कार्यक्रमले ल्याउने दूष्परिणाम कैयौं गुणा बढी हुन्छ । सरकारको कमजोरीका कारणले आज नेपालमा जनताले अनावश्यक दुःख पाइरहेका छन् ।

सरकारले देशमा कोभिड-१९ को संक्रमण हुन नदिन प्रशस्त तयारी गरेको बतायो । यसै विषयलाई लिएर प्रधानमन्त्रीले राष्ट्रलाई सम्बोधन गरे । स्वस्थ्यमन्त्रीले पटक-पटक पत्रकार सम्मेलन गरेर सरकारले यो संक्रमण रोक्नलाई गम्भीरतापूर्वक तयारी गरेको कुरा बताए । तर वास्तविकता सरकारले भने जस्तो रहेनछ । जब नेपालमा कोभिड-१९ को संक्रमण देखा पऱ्यो, त्यसपछि मात्र सरकारले संक्रमण फैलिन नदिनका लागि गर्नुपर्ने आधारभूत कार्य नगरेकाको कुरा व्यवहारतः प्रस्तुत भयो । यहाँ यस विषयमा प्रकाश पार्न प्रयास गरिएको छ ।

(क) चीनको वुहानमा कोभिड-१९ को महामारी आएपछि यो संसारभर फैलिन्छ भन्ने कुरा विज्ञहरूले भनिरहेका थिए । डब्लुएचओले नेपाल पनि कोभिड-१९ को उच्च जोखिममा छ भनेर सूचना गरेको थियो। त्यो अवस्थामा सरकारले तुरुन्तै बाहिर देशबाट आउने उडानहरू रोक्नुपर्थ्यो । तर सरकारले त्यो काम समयमा नै गरेन । कोरोना संक्रमित देशहरूबाट आउने उडान रोक्नुपर्छ र यात्रुहरूलाई क्वारेन्टाइनमा राखेर परीक्षण गर्ने व्यवस्था गर्नुपर्छ भन्ने डाक्टर तथा विज्ञहरूलाई अनावश्यक अफवाह फिजाएको आरोप लगाउँदै तिनीहरूलाई कारवाही गर्नुपर्छ भन्ने जस्ता कुरा गरे। जतिबेला अन्तर्राष्ट्रिय उडानहरू रोकियो त्यतिबेला धेरै ढिला भैसकेको थियो। यो विषयमा सरकार चुकेकै हो ।

(ख) कोभिड-१९ को संक्रमण रोक्न अग्रभागमा काम गर्ने स्वास्थ्यकर्मीहरू-डाक्टर, नर्सलगायत अन्य व्यक्तिहरूलाई चाहिने अतिआवश्यक उपकरण पीपीईको आवश्यक मात्रामा व्यवस्था सरकारले गरेको रहेनछ। अहिलेसम्म पनि स्वस्थ्यकर्मीहरूलाई प्रयाप्त पीपीई उपलब्ध गराउन नसकेको कुरा आएको छ। आएका पीपीई पनि गुणस्तरहीन भएको कुरा छ । समयमै स्वास्थ्यकर्मीहरूको लागि चाहिने पीपीईको व्यवस्था गर्न नसक्नु सरकारको ठूलो कमजोरी हो । अतः स्वास्थ्यकर्मीहरूलाई प्रयाप्त गुणस्तरीय पीपीईको व्यवस्था गरी साथै स्वास्थ्य बिमाको व्यवस्था गरी उनीहरूको आत्मबल बढाउने काम गराउनु पर्दछ ।

(ग) कोभिड-१९ को संक्रमण को सँग छ वा छैन भनेर छुट्याउने मुख्य कुरा परीक्षण नै हो । तर सरकारसँग प्रयाप्त मात्रामा परीक्षण गर्ने कीट नै रहेनछ। समयमै प्रयाप्त मात्रामा परीक्षण गर्ने कीटको व्यवस्था गर्न नसक्नु सरकारको अर्को कमजोरी हो ।

(घ) कोभिड-१९ को यो भयावह स्थितिलाई रोक्नका लागि पूर्वतयारी गर्न सरकारले देशभरिका स्थानीय निकाय, यो सम्भव नभए जिल्ला र त्यो पनि सम्भव नभएको अवस्थामा कम्तिमा पनि हरेक प्रदेशमा एक वटा परीक्षण गर्ने ल्याब व्यवस्था गर्नुपर्थ्यो । तर सरकारले त्यो व्यवस्था गर्न सकेन। करिव ३ करोड जनसंख्या भएको देशमा एउटा मात्र ल्याव (टेकु राष्ट्रिय प्रयोगशाला) छ, त्यसमा पनि प्रयाप्त परीक्षण गर्ने कीट छैनन् । अहिले मात्र आएर केही प्रदेशहरूमा यससम्बन्धी प्रयोगशालाको विस्तार गरिएको छ । यो काम पहिले नै गर्नुपर्थ्यो । परीक्षण गर्ने ल्याब र कीट प्रयाप्त नभएको कारणले प्रथम चरणमा बाहिरबाट आएका सबै र पछि यो रोगका लक्षण भएका सबैलाई तुरुन्त परीक्षण गर्ने व्यवस्था हुन सकिरहेको छैन । चैत २१ गतेसम्म जम्मा ११८४ जनाको परीक्षण गरिएको छ। यति परीक्षण गर्दा ६ जनालाई संक्रमण देखिएको थियो। बास्तावमा यहाँ आवश्यक ब्यक्तिहरूलाई परीक्षण नै हुन सकेको छैन । बढीभन्दा बढी व्यक्तिहरूलाई परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

(ङ) कोभिड-१९ को संक्रमणबाट देशलाई बचाउन पूर्वतयारीका लागि देशभरको सरकारी र निजी अस्पतालहरूलाई पूरा तयारीमा राख्नुपर्थ्यो । यो तयारी पनि सरकारले गरेन। हरेक अस्पतालहरूमा आवश्यकअनुसार पीपीई पुऱ्याउनु पर्थ्यो । त्यो नपुऱ्याएको कुरा माथिनै उल्लेख गरियो । सबभन्दा गम्भीर कुरा त प्राइभेट अस्पतालहरूले ज्वरो आएको कुनै पनि बिरामीलाई गेटबाट भित्रै जान दिएनन् । अस्पतालमा उपचार नपाएर अन्य कारणबाट भएका बिरामीहरूको अकालमा ज्यान गएको छ । राष्ट्रलाई संकट परेको बेला बिरामी नहेर्ने निजी अस्पतालहरूलाई उनीहरूको लाइसेन्स खारेज गरी तिनीहरूको राष्ट्रियकरण गरिनु पर्छ ।

(च) कोभिड-१९ को संक्रमण रोक्न अन्ततः सरकारले हतार-हतारमा लकडाउन गर्यो। सरकारसँग यो भन्दा अर्को विकल्प थिएन । लकडाउनलाई सफल पार्न सबैले सहयोग गर्नु पर्दछ । तर लकडाउबाट उत्पन्न हुने समस्याहरूको बारेमा सरकारले सोचेको देखिएन । पहिलो कुरा दैनिक ज्यालादारी काम गर्ने मजदुरहरू र विपन्नवर्गको मानिसहरूको जीवन निर्वाहको व्यवस्था कसरी गर्ने भन्ने विषयमा सरकारको कुनै योजना थिएन । लकडाउनले विपन्न वर्गका मानिसहरू भोगभोकै मर्ने अवस्था आइरहेको छ । सरकारको कमजोरीको कारणले कोभिड-१९ ले भन्दा अन्य रोग र खाना नपाएर मर्नेको संख्या बढी हुने अवस्था आइरहेको छ । धेरै ढिलो गरेर सरकारले आर्थिक सहयोग प्याकेजको घोषण त गरेको छ तर त्यो पनि व्यवस्थित रूपमा कतै लागू भएको पाइएको छैन ।

लकडाउनबाट उत्पन्न भएको अर्को समस्या हो भारतबाट आउने नेपालीहरू सिमानामा अलपत्र परेर दुःख पाउनु । रोजगारका लागि भारतमा कति नेपालीहरू गएका छन् भन्ने कुरा सरकारलाई थाहा भएकै कुरा हो। उनीहरू आफ्नो देश नेपाल आउँदा उनीहरूलाई कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा पनि सरकारको कुनै सोच देखिएन । भारतबाट हजारौको संख्यामा नेपालीहरू सिमानामा आइपुगे । सिमानामा आउन साथ उनीहरूलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था गर्नुपर्थ्यो । तर सरकारले सुरक्षा बल प्रयोग गरेर नेपालीहरूलाई आफ्नै देशमा आउन दिएन । आज उनीहरूले आफ्नो मातृभूमिमा आउन नपाएर सिमानामा अत्यन्तै कष्टकर जीवन बिताइरहेका छन् । आफ्नो देश नेपालमा आउन पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । त्यसकारण सरकारले उनीहरूलाई तुरुन्त नेपालभित्र ल्याएर क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

(छ) माथि जे कुरा उठाइएको छ ती सबै सरकारले चाहेमा गर्न सकिने कुरा हुन । तर चीनबाट स्वास्थ्य सामग्री ल्याउँदा भ्रष्टाचार भएको कुरा उठिरहेको छ र अहिले सरकारले जुन कम्पनीसँग ठेक्का सम्झौता गरेको थियो त्यो खारेज गरेको छ। यो खारेज गर्ने कुराले त्यसमा केही अनियमितता भएको थियो भन्ने नै पुष्टि हुन्छ। जनताले कोभिड-१९ को महामारीको सामना गरिरहँदा सरकारले यस प्रकारको अत्यन्तै तुच्छ र निन्दनीय काम गरेपछि अब कोरोना भाइरसको संक्रमण रोक्न पूर्वतयारीमा प्रयाप्त ध्यान नदिनु सरकारको नियतमाथि नै शंका गर्नुपर्ने अवस्था आइरहेको छ । यो शंका निवारण गर्न अनियमिततासँग सम्बन्धित सबैलाई सरकारले कडाभन्दा कडा कारवाही गर्नुपर्छ । विपन्न वर्गका मानिसहरूलाई व्यवस्थित रूपमा राहतको व्यवस्था गरिनु पर्छ र सिमानामा आएका सबै नेपालीहरूलाई नेपाल भित्र ल्याएर क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

सरकारको अहिलेसम्मको काम कारबाही हेर्दा माथि उल्लेखित समस्याहरूको समाधानका लागि एकातिर व्यापक जनदबाब सिर्जना गर्नुपर्दछ भने अर्कातिर सरकारको सही कामलाई समर्थन गर्दै व्यक्तिगत रूपमा सचेत र सतर्क रहँदै कोभिड-१९ को विरुद्धको संघर्षलाई जारी राख्नु पर्दछ। २०७६।१२।२४

## कोभिड-१९को...

हामीले यसभन्दा पहिलेका वक्तव्यहरूमा यो प्रकोपलाई स्थानीय जनसमुदायभित्र प्रवेश हुन नदिएर महामारीबाट बच्नका लागि बाहिरबाट नेपाल प्रवेश गरेका सबैलाई क्वारेन्टाइनमा राखी संक्रमितहरूको पहिचान गर्ने र संक्रमितलाई आइसोलेशनमा राख्ने सुझाव दिंदा पनि सरकारले त्यसको पूरै बेवास्ता गरेका कारण अहिले यो स्थिति पैदा हुन गएको छ। हाम्रो पार्टी नेपाल सरकारको यस्तो लापरवाही र गैरजिम्मेवारीपूर्ण रवैयाको घोर भर्त्सना गर्दछ ।

कोभिड-१९द्वारा संक्रमित विरामीहरूको सम्पर्कमा रहने सबै प्रकारका स्वास्थ्यकर्मीहरूका लागि निजी सुरक्षाका उपकरणको पर्याप्त व्यवस्था मिलाई सरकारी तथा निजी दुवैथरी अस्पतालहरूलाई सरकारले परिचालन गर्नु पर्दछ भनी हाम्रो पार्टीले यसभन्दा अगाडिका वक्तव्यहरूमा जोडदार माग राख्दै आएको थियो । तर सरकारले यसलाई गंभीर रूपमा कहिल्यै लिएन बा कमिशनको पछाडि दौडियो । मोटो रकम लिएर ओम्नी विजनेस कर्पोरेट इन्टरनेशनल मार्फत सरकारले चीनबाट केही उपकरण ल्यायो तर विश्व स्वास्थ्य सङ्गठन र नेपाली डक्टरहरूले तिनको विश्वसनीयता माथि प्रश्न उठाए। यसरी सुरक्षा उपकरणहरू नभएको र भएका पनि विश्वसनीय नभएको स्थितिले देशैभरी सम्बन्धित स्वास्थ्यकर्मीहरूमा एक प्रकारको आतङ्क पैदा गराएको छ । वाग्लुङ्बाट पोखरा ल्याई गण्डकी अस्पतालको बाहिर प्राङ्गणमा राखिएको ज्वरोको विरामीले डाक्टर भेट्नका निम्ति करीव १५ घण्टासम्म पर्खिनु परेको कुराले स्थितिको गंभीरतालाई दशाउँछ । यसलाई टुलुटुलु हेरेर बस्ने सरकारको निरीहताप्रति हाम्रो पार्टी दुःख व्यक्त गर्दछ ।

कोरोना जन्य प्रकोपले महामारीको सुचना दिए पछि अब देशको सम्पूर्ण जोड यसको विस्तारलाई नियन्त्रण गर्नेमा लगाउनु पर्दछ । यसका लागि मूख्यतः चारवटा कुरामा ध्यान दिनु जरुरी छ । एक, दुवै थरी निजी तथा सरकारी अस्पतालहरूका लागि पर्याप्त सुरक्षा उपकरणहरू उपलव्ध गराउनु पर्दछ। दुई, संक्रमित विरामीको सम्पर्कमा आउने सम्पूर्ण स्वास्थ्य कर्मीहरूको जीवन विमा गरिदिनु पर्दछ, । तीन, अविलम्व आम जनतासम्म पुग्ने गरी भाइरसजन्य प्रकोपको परीक्षण गराउनु पर्दछ। चार, महामारी रोकथामका लागि आफ्नो जिम्मेवारी पुरा गर्न तयार नहुने जुनसुकै अस्पताललाई खारेज गर्न र यो भीषण लडाइँमा साथ नदिने जो सुकैलाई पनि यथोचित सजाय दिन सरकार तयार हुनु पर्दछ ।

अन्त्यमा, उपरोक्त प्रकारको गंभीर स्थितिमा हाम्रो पार्टी सरकारलाई जिम्मेवार भएर प्रस्तुत होस् भन्ने जोडदार माग गर्दछ र महामारीका विरुद्ध एकताबद्ध भएर लड्न आम जनतालाई हार्दिक अपील पनि गर्दछ ।

*किरण*
*महासचिव*
*नेकपा (क्रान्तिकारी माओवादी)*
*मिति २०७६/१२/२३*

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# खोलियो चीनसँगको तातोपानी नाका, पहिलो लटमा भित्रियो १९ बाकस मास्क र १० बाकस सेनिटाइजर



सिन्धुपाल्चोक । चीनमा कोरोनाको प्रकोप नियन्त्रणमा आएसँगै चीनसँगको नाका नेपालले खुल्ला गरेको छ । कोरोना संक्रमण भित्रने जोखिम बढेपछि माघ १३ मा बन्द गरिएको चीनसँगको प्रमुख नाका तातोपानी पुनः सञ्चालनमा ल्याइएको हो । विश्व स्वास्थ्य संगठनको मापदण्डबमोजिमको 'हेल्थ डेस्क' राखेर बुधबार साँझबाट नाका खोलिएको छ ।

नाकाबाट पहिलो लटमा १९ बाकस मास्क र १० बाकस सेनिटाइजर भित्रिएको बताइएको छ । प्रशासन, भन्सार, जनप्रतिनिधि र सुरक्षाकर्मीबीच भएको छलफलपछि तीनबुँदे निर्णयसहित सुरक्षित रूपमा नाका खोलिएको बताइएको छ । तत्कालका लागि खाद्यान्न र मेडिकल सामान मात्रै यो नाकाबाट भित्र्याउने बताइएको छ ।

नाका र भिर्पुमा गरी १० बेडको आइसोलेसन र १० बेडको क्वारेन्टाइन कक्ष पनि तयार राखिएको छ । मितेरी पुलपारि चीनतर्फ पनि विशेष स्वास्थ्य टोली तयारी अवस्थामा राखिएको छ । चालकको स्वास्थ्यदेखि सवारीसाधन र तिनमा ल्याइएका सामग्रीसम्मको सुरक्षा जाँच हुने बताइएको छ ।

एकअर्का देशमा कोरोना संक्रमण भित्रन नदिन नाकाका चिनियाँ प्रहरी अधिकारीले पनि कडा निगरानी गरिरहेको र चीनबाट भित्रिएका मास्क र सेनिटाइजर नाकामा कीटनाशक औषधि छर्केर मात्र काठमाडौं पठाउने प्रबन्ध मिलाइएको छ ।

नाका खुलेपछि स्थानीयले भने सुरक्षा सतर्कतालाई विशेष ध्यान दिन जनप्रतिनिधिलाई आग्रह गरेका छन् ।

## 'करोडौँको सम्पत्ति भएकाहरू पनि राहतको लाममा'

काठमाडौं । लकडाउनका बेलामा अति विपन्न एवं ज्याला मजदुरीमा दैनिक गुजारा चलाउनेलाई वितरण गरिने राहत हुनेखानेहरू नै लाइनमा बसेर लिन थालेका छ । कोभिड-१९ को संक्रमण फैलिन नदिन सरकारले लागू गरेको लकडाउनमा दैनिक मजदुरी गरेर खानुपर्ने मानिस भोकै बस्नु नपरोस भनेर स्थानीय तहले सुरु गरेको राहत वितरणको लाइनमा करोडौँको सम्पत्ति भएकाहरू पनि बसेपछि वितरणमा सकस पर्न थालेको छ ।

घाँटीमा सिक्री लाउनेहरू हातमा आइफोन बोकेका र औँलामा सुनका औठी लाउनेहरू लाइनमा बसेर राहत लिन थालेकाले सोचेभन्दा दोब्बर बढी राहत वितरण गर्नुपरेको पहिलो चरणको राहत वितरण सम्पन्न गरेको मध्यपुरथिमि नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठले जानकारी दिए । नगरपालिकाभित्र सात हजार परिवारलाई राहत वितरण गरेको जानकारी दिँदै उने भने, ‚हामीले आजदेखि सबै वडामा राहत वितरण सम्पन्न गरयौं, तर राहत लिन अधिकांश बाहिर जिल्लाबाट यहाँ आएर भाडामा बस्नेहरू छन, राहत लिने आधाजति त हुनेखाने नै छन, हातमा आइफोन लिएर, सुनका सिक्री औंठी लाएकाहरू गरिब, मजदुरलाई दिने राहत थाप्न आएको देखियो ।

भक्तपुर नगरपालिकाले सोचेभन्दा धेरै मानिस वडामा राहत लिन नाम दर्ता गर्न आएपछि राहत वितरण नै शुरु गरेको छैन । प्रत्येक वडाबाट नामावली सङ्कलन गर्ने क्रममा स्थानीयभन्दा पनि बाहिर जिल्लाबाट आएका र हुनेखानेहरू नै बढी आएपछि छनोट गरेर मात्रै वितरण गर्ने तयारी गरेको छ । नगरपालिका प्रमुख सुनिल प्रजापतिले राहत लिन हुनेखानेहरू धेरै आएपछि यो विकृति रोक्न र वास्तविक मजदुर तथा गरिबलाई छनोट गेरर राहत वितरण गर्ने तयारी गरेको बताए । उनले भूकम्पको बेलामा भन्दा जटिल अवस्था अहिले राहत वितरणमा देखिएको बताउँदै वडावडाबाट सङ्कलित नामको वास्तविक मजदुर र गरिबको पहिचान गेरर मात्रै कार्ड बाँडेर आजबाट राहत वितरण सुरु गर्ने बताए ।

त्यस्तै चाँगुनारायण नगरपालिकाका प्रमुख सोमप्रसाद मिश्रले सरकारले सित्तैमा दिने त हो नि भन्दै आवश्यक नै नभएका हुनेखानेहरू राहत लिने सूचीमा वडाबाट आएको बताए । नामावली संकलनमा घरजग्गा भएका, सरकारी जागिर भएका, विदेशबाट पैसा आउने र सरकारी सुविधा पाउनेसमेत राहत लिन आएको पाइएको उनले बताए । चाँगुनारायणले पनि आएका नाममा छनोट गेरर वडा तहबाटै राहत वितरण सुरु गरेको छ ।

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)
Communist Party of Nepal (Revolutionary Maoist)

Serial No. :-
Regd. No. :-

**प्रेस-वक्तव्य**

कोरोनाजन्य महामारी कोभिड-१९का कारण नेपालमा लकडाउन सुरुगरिएको करीव दुई साता हुन लागेको छ । यस बीचमा सरकारले महामारीको नियन्त्रण र लकडाउनद्वारा सिर्जित समस्या समाधान गर्न भनी केही घोषणाहरु पनि गरेको छ । ती घोषणा सुन्दा नराम्रा छैनन् । तर व्यबहारमा हेर्दा ती घोषणाले जनताको आँखामा छारो हाल्ने काम मात्र गरेका छैनन् बरु तिनले सत्तामा बस्नेहरुका लागि आर्थिक लाभ गराउने साधन बन्न गएको आभाष दिएका छन् । हाम्रो पार्टी यसको तीव्र भर्त्सना गर्दछ र निम्न अनुसारका विषयमा सरकारको गम्भीर रुपमा ध्यानाकर्षण गर्दै त्यसका विरुद्ध आवाज बुलन्द गर्न आम जनता समक्ष हार्दिक अपील गर्दछ ।

**एक**, नेपाल-भारतको सिमा क्षेत्रमा नेपाली जनताहरु ठुलो सङ्ख्यामा अलपत्र परेर बसेका छन् । तिनीहरुलाई न त नेपाल सरकारले देशमा आउने अनुमति दिएको छ न त भारत सरकारले तिनीहरुमाथि उचित मानवीय व्यवहार नै गरेको छ । यो स्थितिमा नेपाल सरकारले सिमानामा आइसकेका नेपालीहरुलाई आवश्यक व्यवस्था सहित सम्मानजनक ढङ्गले भारतमा नै राख्ने व्यवस्था मिलाउनका लागि कुटनीतिक पहल गर्न या नेपालमा ल्याएर उनीहरुका लागि आवश्यक प्रवन्ध मिलाउन हाम्रो पार्टी नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

**दुई,** परीक्षणलाई व्यापक विस्तार गरी सङ्क्रमितहरु पत्तालगाउने र तिनीहरुलाई आइसोलेसनमा राखी बाँकीलाई सङ्क्रमित हुन नदिने तरीकाले मात्र कोरोना भाईरसको विस्तारलाई नियन्त्रण गर्न सकिन्छ । तर सरकारले अहिलेसम्म एक हजार साठी जनाको मात्र परीक्षण गरी नेपालमा जम्मा ५ जना सङ्क्रमित भएको भनेर आत्मरति गरिरहेको छ । यो अत्यन्त गैर जिम्मेवारपूर्ण काम हो । परीक्षणलाई जति धेरै बिस्तार गरिन्छ त्यति छिटो यो महामारीबाट छुटकारा पाउने संभावना रहन्छ भन्ने कुरामा हाम्रो पार्टी सरकारको विशेष ध्यानाकर्षण गर्न चाहन्छ ।

**तीन**, कुनै व्यक्तिलाई उपचारका लागि अस्पतालमा लैजाँदा कोरोनाको बिरामी भनेर छि छि र दुर दुर गर्ने तर उसको मृत्यु भइसकेपछि कोरोनाको सङ्क्रमण भेटिएन भन्ने सरकारको गैरजिम्मेवारपूर्ण अभिव्यक्तिले विषयलाई अत्यन्त गंभीर बनाएको छ । कतै निको हुन सक्ने बिरामीहरु पनि कोरोनाको बहानामा उपचार नपाएर मरिराखेका त छैनन् ? बुटवल र बीरगंजमा भएका मृत्युको कारण के हो ? चिकित्सकहरुबाट नै अन्तर्विरोधी कुराहरु बाहिर आइरहेको सन्दर्भमा यथार्थ के हो ? यसबारे सरकार बोल्नु पर्दछ ।

**चार,** निजी अस्पतालहरुले कोरोना भाइरसको शङ्का कै भरमा बिभिन्न बहाना बनाई बिरामीको उपचार नगरेका समाचार बाहिर आइरहेका छन् । त्यस्ता अस्पताललाई राज्यले आफ्नो नियन्त्रणमा लिएर काममा लगाउन, नमाने कार्वाही गर्न र उपचारमा संलग्न सम्पूर्ण डक्टर, नर्स तथा स्वास्थ्यकर्मीहरुलाई सङ्क्रमणबाट बचाउनका लागि आवश्यक पर्ने सामग्रीहरु तुरुन्त उपलब्ध गराउन हामी सरकार समक्ष विशेष माग गर्दछौं ।

**पाँच**, कोभिड-१९को उपचार गर्नका लागि आवश्यक उपकरणहरु खरिदगर्ने क्रममा चरम आर्थिक घोटाला भएका कुराहरु सञ्चार माध्यममा सप्रमाण प्रकाशित भएका छन् । यथार्थ के हो त्यसको निस्पक्ष छानवीन गरी दोषीमाथि कडा भन्दा कडा कार्वाही गर्न हाम्रो पार्टी सरकारसंग जोडदार माग गर्दछ ।

**छ**, सरकारले शहरमा कामगर्ने विभिन्न प्रकारका मजदुर, गाउँका गरीव किसान र निम्न आय भएका जनताका लागि राहत प्रदान गर्ने निर्णय गरेको छ । तर त्यो निर्णय कार्यान्वयन गर्ने जिम्मा प्रदेश र स्थानीय तहलाई दिएर नेपाल सरकार आफ्नो जिम्मेवारीबाट पन्छिन गएको छ । यो अत्यन्त दुःखको विषय हो । यस स्थितिमा लकडाउनका कारण दैनिक हातमुख जोड्ने समस्यामा परेका आम मजदुर, गरीब किसान तथा अति विपन्न परिवारलाई तुरुन्त राहतको व्यवस्था गर्न र वितरणलाई व्यवस्थित गर्न हाम्रो पार्टी सङ्घीय सरकारसंग विशेष माग गर्दछ ।

**सात,** लकडाउनका कारण देशमा कालो बजारी र महङ्गी अनियन्त्रित ढङ्गले आकासिँदै गएको छ । यसलाई नियन्त्रण गरी आधारभूत आवश्यकताका सामानको अभाव हुन नदिने र तिनलाई जनतासम्म पुर्‍याउने कामका लागि सरकारले जिम्मा लिनु पर्दछ भनी हाम्रो पार्टी सरकारसंग विशेष माग गर्दछ ।

**आठ**, लकडाउनलाई सफल पार्ने नाममा पुलिस प्रशासनले गाई-भैंसीका लागि पराल बोक्ने, कुखुराका लागि दाना ओसार्ने, दैनिक आवश्यकताका खाद्यान्न किन्ने तथा खेतमा धान रोप्ने जस्ता कामका लागि मानिसलाई बाहिर निस्कन नदिइएका र त्यस्ता काममा संलग्न व्यक्तिलाई निर्मम कुटपिट समेत गरिएका समाचारहरु बाहिर आएका छन् । आवश्यक दुरी कायम गराई उपरोक्त प्रकारका काम गर्नदिने व्यवस्था मिलाउन सङ्घीय सरकारले आवश्यक निर्देशन सहित प्रहरी प्रशासनलाई परिचालन गर्न हाम्रो पार्टी सरकारको ध्यानाकर्षण गर्दछ ।

अन्त्यमा, यतिबेला देश गंभीर स्थितिबाट गुज्रिएको छ । यो स्थितिलाई ठीक ढङ्गले सम्बोधन नगर्ने हो भने नेपाली जनता महामारीको अथाह भुमरीमा फस्ने छन् र देशमा सङ्कट अरु गहिरिँदै जाने छ । यस्तो संवेदनशील घडीमा हाम्रो पार्टी सरकारलाई जिम्मेवार भएर प्रस्तुत होस् भन्ने माग गर्दछ र महामारीका विरुद्ध एकताबद्ध भएर लड्न आम जनतालाई हार्दिक अपील पनि गर्दछ ।

मिति २०७६/१२/१९

किरण
महासचिव
नेकपा (क्रान्तिकारी माओवादी)

## महामारी...

१९का कारण नेपालमा लकडाउन सुरुगरिएको करीव दुई साता हुन लागेको छ । यस बीचमा सरकारले महामारीको नियन्त्रण र लकडाउनद्वारा सिर्जित समस्या समाधान गर्न भनी केही घोषणाहरू पनि गरेको छ । ती घोषणा सुन्दा नराम्रा छैनन् । तर व्यवहारमा हेर्दा ती घोषणाले जनताको आँखामा छारो हाल्ने काम मात्र गरेका छैनन् बरु तिनले सत्तामा बस्नेहरूका लागि आर्थिक लाभ गराउने साधन बन्न गएको आभाष दिएका छन् । हाम्रो पार्टी यसको तीव्र भर्त्सना गर्दछ र निम्न अनुसारका विषयमा सरकारको गम्भीर रूपमा ध्यानाकर्षण गर्दै त्यसका विरुद्ध आवाज बुलन्द गर्न आम जनता समक्ष हार्दिक अपील गर्दछ ।

एक, नेपाल-भारतको सिमा क्षेत्रमा नेपाली जनताहरू ठुलो सङ्ख्यामा अलपत्र परेर बसेका छन् । तिनीहरूलाई न त नेपाल सरकारले देशमा आउने अनुमति दिएको छ न त भारत सरकारले तिनीहरूमाथि उचित मानवीय व्यवहार नै गरेको छ । यो स्थितिमा नेपाल सरकारले सिमानामा आइसकेका नेपालीहरूलाई आवश्यक व्यवस्था सहित सम्मानजनक ढङ्गले भारतमा नै राख्ने व्यवस्था मिलाउनका लागि कुटनीतिक पहल गर्न या नेपालमा ल्याएर उनीहरूका लागि आवश्यक प्रवन्ध मिलाउन हाम्रो पार्टी नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

दुई, परीक्षणलाई व्यापक विस्तार गरी सङ्क्रमितहरू पत्तालगाउने र तिनीहरूलाई आइसोलेसनमा राखी वाँकीलाई सङ्क्रमित हुन नदिने तरीकाले मात्र कोरोना भाईरसको विस्तारलाई नियन्त्रण गर्न सकिन्छ । तर सरकारले अहिलेसम्म एक हजार साठी जनाको मात्र परीक्षण गरी नेपालमा जम्मा ५ जना सङ्क्रमित भएको भनेर आत्मरति गरिरहेको छ । यो अत्यन्त गैर जिम्मेवारपूर्ण काम हो । परीक्षणलाई जति धेरै विस्तार गरिन्छ त्यति छिटो यो महामारीबाट छुटकारा पाउने संभावना रहन्छ भन्ने कुरामा हाम्रो पार्टी सरकारको विशेष ध्यानाकर्षण गर्न चाहन्छ ।

तीन, कुनै व्यक्तिलाई उपचारका लागि अस्पतालमा लैजाँदा कोरोनाको विरामी भनेर छि छि र दुर दुर गर्ने तर उसको मृत्यु भइसकेपछि कोरोनाको सङ्क्रमण भेटिएन भन्ने सरकारको गैरजिम्मेवार पूर्ण अभिव्यक्तिले विषयलाई अत्यन्त गंभीर बनाएको छ । कतै निको हुन सक्ने विरामीहरू पनि कोरोनाको बहानामा उपचार नपाएर मरिराखेका त छैनन् ? बुटवल र वीरगंजमा भएका मृत्युको कारण के हो ? चिकित्सकहरूबाट नै अन्तर्विरोधी कुराहरू बाहिर आइरहेको सन्दर्भमा यथार्थ के हो ? यसबारे सरकार बोल्नु पर्दछ ।

चार, निजी अस्पतालहरूले कोरोना भाइरसको शङ्का कै भरमा विभिन्न बहाना बनाई विरामीको उपचार नगरेका समाचार बाहिर आइरहेका छन् । त्यस्ता अस्पताललाई राज्यले आफ्नो नियन्त्रणमा लिएर काममा लगाउन, नमाने कार्वाही गर्न र उपचारमा संलग्न सम्पूर्ण डक्टर, नर्स तथा स्वास्थ्यकर्मीहरूलाई सङ्क्रमणबाट बचाउनका लागि आवश्यक पर्ने सामग्रीहरू तुरुन्त उपलव्ध गराउन हामी सरकार समक्ष विशेष माग गर्दछौं ।

पाँच, कोभिड-१९को उपचार गर्नका लागि आवश्यक उपकरणहरू खरिदगर्ने क्रममा चरम आर्थिक घोटाला भएका कुराहरू सञ्चार माध्यममा सप्रमाण प्रकाशित भएका छन् । यथार्थ के हो त्यसको निस्पक्ष छानवीन गरी दोषीमाथि कडा भन्दा कडा कार्वाही गर्न हाम्रो पार्टी सरकारसंग जोडदार माग गर्दछ ।

छ, सरकारले शहरमा कामगर्ने विभिन्न प्रकारका मजदुर, गाउँका गरीव किसान र निम्न आय भएका जनताका लागि राहत प्रदान गर्ने निर्णय गरेको छ । तर त्यो निर्णय कार्यान्वयन गर्ने जिम्मा प्रदेश र स्थानीय तहलाई दिएर नेपाल सरकार आफ्नो जिम्मेवारीबाट पन्छिन गएको छ । यो अत्यन्त दुःखको विषय हो । यस स्थितिमा लकडाउनका कारण दैनिक हातमुख जोड्ने समस्यामा परेका आम मजदुर, गरीव किसान तथा अति विपन्न परिवारलाई तुरुन्त राहतको व्यवस्था गर्न र वितरणलाई व्यवस्थित गर्न हाम्रो पार्टी सङ्घीय सरकारसंग विशेष माग गर्दछ ।

सात, लकडाउनका कारण देशमा कालो बजारी र महङ्गी अनियन्त्रित ढङ्गले आकासिँदै गएको छ । यसलाई नियन्त्रण गरी आधारभूत आवश्यकताका सामानको अभाव हुन नदिने र तिनलाई जनतासम्म पुर्‍याउने कामका लागि सरकारले जिम्मा लिनु पर्दछ भनी हाम्रो पार्टी सरकारसंग विशेष माग गर्दछ ।

आठ, लकडाउनलाई सफल पार्ने नाममा पुलिस प्रशासनले गाई-भैसीका लागि पराल बोक्ने, कुखुराका लागि दाना ओसार्ने, दैनिक आवश्यकताका खाद्यान्न किन्ने तथा खेतमा धान रोप्ने जस्ता कामका लागि मानिसलाई बाहिर निस्कन नदिइएका र त्यस्ता काममा संलग्न व्यक्तिलाई निर्मम कुटपटि समेत गरिएका समाचारहरू बाहिर आएका छन् । आवश्यक दुरी कायम गराई उपरोक्त प्रकारका काम गर्नदिने व्यवस्था मिलाउन सङ्घीय सरकारले आवश्यक निर्देशन सहित प्रहरी प्रशासनलाई परिचालन गर्न हाम्रो पार्टी सरकारको ध्यानाकर्षण गर्दछ ।

अन्त्यमा, यतिबेला देश गंभीर स्थितिबाट गुज्रिएको छ । यो स्थितिलाई ठीक ढङ्गले सम्बोधन नगर्ने हो भने नेपाली जनता महामारीको अथाह भुमरीमा फस्ने छन् र देशमा सङ्कट अरु गहिरिँदै जाने छ । यस्तो संवेदनशील घडीमा हाम्रो पार्टी सरकारलाई जिम्मेवार भएर प्रस्तुत होस् भन्ने माग गर्दछ र महामारीका विरुद्ध एकताबद्ध भएर लड्न आम जनतालाई हार्दिक अपील पनि गर्दछ ।'

# भारतबाट आफ्नो घर फर्किन आएका मानिसप्रतिको सरकारको गैरजिम्मेवार र लापर्वाही नै सुदूरपश्चिम डेञ्जर जोनमा पर्नुको मूल कारण

## कोभिड–१९ बाट संक्रमितहरूको केस स्टडीहरू र विभिन्न विज्ञहरूका भनाइहरू संक्षिप्तमा

*जिवाणु वैज्ञानिक सुदीप खड्काका अनुसार कुनै पनि रोगले महामारीको रूप लिन्छ भने सो रोगको उत्पत्ति र त्यसको सम्भाव्य असरप्रति पहिले नै जानकार हुनुपर्छ । त्यसका लागि रोग कहाँबाट, कसको माध्यम हुँदै र कसरी फैलियो भन्ने जान्न जरुरी हुन्छ । उनी भन्छन्, 'महामारी फैलिन सुरु हुनासाथ कन्ट्याक ट्रेसिङ गर्न सकियो भने यो महामारी रोक्ने अचुक औषधि हुन्छ ।' शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका चिकित्सक अनुप बास्तोला दक्षिण कोरियाको अनुभवका आधारमा नेपाल सरकारले कोभिड–१९ परीक्षण अगाडि बढाउनुपर्ने बताउँछन् । दक्षिण कोरियामा संक्रमण फैलिएको सुरुवाती चरणमा दैनिक करिब १० हजार जनाको नमूना परीक्षण गर्ने गरिएको थियो ।*

**भूमिका**

नेपालमा कोभिड(१९)बाट संक्रमितहरूको संख्य दिनोदिन बढदै गइरहेको छ र यसको केन्द्र अब नेपालको अतिदुर्गम र पीछडिएको क्षेत्र र मानसिक चेतना कमजोर भएको सुदूरपश्चिम पर्दैछ भन्ने आंकलन गरिदैछ । यद्धपि अहिलेसम्म देशभित्र कोही यो महामारीका कारण मृत्यु बरण गरेका छैनन्। यसका पछाडि नेपालीको रोगप्रतिरोधात्मक क्षमता अन्य विकसित देशका नागरिकमाभन्दा तुलनात्त्मक रूपमा बलियो भएको भन्ने गरिएको छ । यस्तो सधै कायम रहने छ, भनेर अनुमान गर्न कठिन छ ।

अहिलेसम्मको घटनाक्रमहरूमाथि विचारगर्दा ओली सरकारको लापरवाही र गैर जिम्मेवारीपूर्ण रवैयाको परिणाम अहिले नेपालको सुदूरपश्चिम कोभिड(१९ को महामारीको केन्द्र बन्दैछ । किनभने सरकारले वेलैमा कोरोना विज्ञहरू, अन्य राजनीतिक दल तथा नागरिक समाजका प्रवृद्धवर्गहरूको भनाइ र सुझावलाई वेवास्ता गदैरहयो ।

एक साताअघि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रवक्ता डाक्टर अनुप बास्तोलाले भनेका थिएँ–'नेपालमा कोभिड(१९) को महामारी फैलिने या नफैलिने भन्ने कुरा भारतबाट नेपाल छिरेका नेपालीहरूको अवस्थाले निर्धारण गर्छ । र भारतबाट नेपाल छिरेका मानिसहरू कति छन् र कहाँ के गर्दैछन् भन्ने जानकारी नहुँदासम्म हामी डेञ्जर जोनमै छौं ।' डा.बास्तोलाले यस्तो अभिव्यक्ति दिएको एक साता नबित्दै सुदूरपश्चिममा शनिबार तीन जनामा कोरोना संक्रमण देखियो, जसमध्ये दुई जना भारतबाट आएका थिए भने एकजना त्यहीँका स्थानीय । अहिले पनि यो सरकारले अविलम्व आम जनतासम्म पुग्ने गरी भाइरसजन्य प्रकोपको परीक्षण गराउनु पर्ने आवश्यकतालाई ढिलाइ गरिरहेको छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रवक्ता डाक्टर अनुप बास्तोलाको भनाइभित्रको सत्यता यी तीनजना संक्रमित यो बीचमा कतिजनाको प्रत्यक्ष सम्पर्कमा थिए र ति प्रत्यक्ष सम्पर्कमा आएकाहरू कहाँ कहाँ छन्, कसैलाई जानकारी नै छैन ।

यो लेखको उद्येश्य सरकार गैर जिममेवार त छ नै नेपाली जनता पनि त्यही मार्गमा हिंडने त होइनन् त्यसका विरुद्ध सचेतना जगाउने हो । यति त्यसो भएमा देश र जनताको हालत कस्तो होला ? त्यसैले यहाँ अहिले सम्म संक्रमित भएकाहरूले के गरे र कसरी रोग फैलियो भन्ने जानकारी होस भन्ने हिसावले कोभिड(१९)बाट संक्रमितहरूको डायरी र विभिन्न विरामीहरूको केश स्टडी प्रस्तुत गर्ने कोशिस गरिएको छ र साथमा केही विज्ञहरूका अनुभवजन्य भनाई र दक्षिण कोरीयाको सफलताको वेग्लै अनुभव राख्ने प्रयास गरिएकोछ ।

**सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले दिएको तथ्यांक**

सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले दिएको तथ्यांक अनुसार फागुन २३ गतेबाट चैतको दोस्रो सातासम्म प्रदेशका साना ठूला गरी १९ वटा नाकाबाट एक लाख ४३ हजार बढी मानिस नेपाल भित्रिएका छन् । यो बीचमा अवैध नाकाहरूबाट आएका मानिसको तथ्यांक मन्त्रालयसँग छैन । जुन संख्या १० हजारभन्दा बढी भएको अनुमान गरिएको छ ।

तर, प्रदेशका नौ वटा जिल्लामा एक हजार सात सय सात जनालाई मात्र अनिवार्य क्वारेन्टाइनमा राखिएको सुदूरपश्चिम प्रादेशिक स्वास्थ्य निर्देशनालयका प्रमुख डा. गुणराज अवस्थीले बताए ।

प्रदेशमा स्थानीय तह, प्रदेश सरकार र नेपाली सेनाले समेत गरी ३ हजार नौ सय ७३ शैया बराबरका क्वारेन्टाइन स्थापना गरेको थियो । त्यसमा भारतबाट फर्केका डेढ लाखहरू अट्नै कुरै भएनन । डा.अवस्थी भन्छन्,' हामी अहिले उनीहरूलाई खोज्दैछौं ।' संक्रमितलाई खोज्दा खोज्दै त्यसबाट कतिमा संक्रमण हुने हो अनुमान लगाउन सकिदैन ।

**ओली सरकारको लापरवाही र गैर जिम्मेवारीपूर्ण रवैयाको परिणाम र संक्रमितको पनि लापरवाहीवारे**

गत शनिबार संक्रमित पुष्टि भएका धनगढीका एक युवा चैत ११ गते गौरीफन्टा नाका भएर नेपाल छिरेका थिए । चैत १० गतेदेखि सरकारले अन्तराष्ट्रिय सीमाबाट यात्रा आवगमन बन्द गरेपछि गौरीफन्टा नाकामा आइपुगेका उनीहरूले देश छिर्न पाउनुपर्ने भन्दै नाराबाजी गरेका थिए । त्यही नाराबाजी गर्ने भिडमा संक्रमित युवा पनि सहभागी थिए । त्यहाँ प्रहरी र उनीहरूबीच हात हालाहालको स्थिति आएको थियो ।

त्यो तनाव कम गर्न मन्त्रिपरिषद्को बैठक कुर्नुर्पयो । गौरीफन्टा नाकामा अड्किएका एक हजारजति नागरिकलाई मन्त्रिपरिषदको निर्णयअनुसार २१ वटा बसमार्फत प्रहरीले गन्तव्य पुर्यायो । त्यही भिडमा रहेका उनलाई १२ गते बिहान लम्कीचुहा नगरपालिका ९ को प्रतापपुर सरस्वती माध्यमिक विद्यालयको क्वारेन्टाइनमा राखियो । उनी बसेको क्वारेन्टाइन कस्तो थियो ? कसरी बसेका थिए ? उनीसँग को को प्रत्यक्ष सम्पर्कमा थिए ? अहिलेसम्म उनीहरूको नमुना संकलन गरिएको छैन । साथै, भिडभाडमा सँगै बसेर नेपाल छिरेका अरु मानिसहरू कुन ठाउँमा कसरी बसेका छन, त्यो पनि जानकारी छैन ।

त्यसैगरी चैत ६ गते नै दुबईबाट इमिरेट्स एयरको विमान मार्फत भारतको राजधानी नयाँदिल्ली र त्यसको भोलिपल्ट काठमाडौं आएका धनगढीका एक पुरुषमा १४ चैतमा कोरोना संक्रमण देखियो । धनगढीको प्रादेशिक अस्पतालमा उपचारत उनी काठमाडौं आएको भोलिपल्ट बुद्ध एयरबाट नेपालगञ्ज पुगेका थिए । त्यहाँबाट सार्वजनिक बस चढेर धनगढी पुगेका उनी ११ गते अस्पताल पुगे । र, उनलाई कोरोना संक्रमण भएको रिपोर्ट १४ गते आएको थियो ।

दिल्लीबाट काठमाडौं आएको भिस्तारा एयरको फ्लाइट यूके एक सय ५५ मा उनीसहित एक सय ३० यात्रु थिए । यस्तै, काठमाडौंबाट नेपालगञ्ज जान उनले चढेको बुद्ध एयरको विमानमा कुल ६५ जना यात्रु थिए । नेपालगञ्जबाट उनी धनगढी जान चढेको सार्वजनिक बस र त्यसपछि भएको भेटघाटको पनि कुनै हिसाब छैन ।

तर, उनलाई कोरोना संक्रमण पुष्टि भएको १० दिनपछि उनकी भाउजूलाई पनि कोरोना संक्रमण पुष्टि भयो । त्यसको भोलिपल्ट उनको परिवारका सदस्यहरूलाई दुई दिन क्वारेन्टाइनमा राखियो । तर, क्वारेन्टाइनमा बस्न उनीहरूले गाह्रो माने र, लक्षण नदेखिएको भन्दै उनीहरूलाई घर मात्र पठाइएन, नमुना समेत संकलन गरिएन । समाजमा चौतर्फी दबाब बढेपछि २० चैतमा मात्र संक्रमित युवकको परिवारका सदस्यको नमुना संकलन गरेर काठमाडौं पठाइयो ।

श्रीमती, चार वर्षीया छोरी, उनका बुबाआमा, दाजु, भतिजीसहित १० जनाको नमुना परीक्षणका लागि पठाइएको थियो । उनीहरूमध्ये भाउजूमा संक्रमण देखियो ।

बेल्जियमबाट आएकी बागलुङकी १९ वर्षीया युवतीमा चैत १५ गते संक्रमण देखियो । यो नेपालको पाँचौं केस थियो भने बाग्लुङको पहिलो । उनी दोहा हुँदै आएको त्यही विमानमा थिइन, जुन विमानमा भएकी काठमाडौंकी १९ वर्षीया युवतीमा चैत १० मा संक्रमण देखिएको थियो र, त्यो नेपालको दोस्रो संक्रमण थियो ।

काठमाडौंबाट यती एयरलाइन्सको विमान चढेर उनी पोखरा पुगेकी थिइन । पोखरामा पुगेर उनी आफन्तकहाँ बसिन र माइक्रोबस चढेर बागलुङ पुगिन । घरमा पुगेर पनि उनी क्वारेन्टाइनमा बसिनन, गाउँ बजार आउजाउ गरिरहिन ।

उनलाई संक्रमण देखिएको ५ दिनपछि बाग्लुङकै ६५ वर्षीया वृद्धामा कोरोना संक्रमण देखियो । उनी बाग्लुङकी पहिलो संक्रमितसँगै एउटै विमानमा आएकी थिइन । काठमाडौंबाट पोखरा हुँदै बाग्लुङ पुगेकी थिइन । खासमा उनी संक्रमित युवतीकै आफन्त थिइन । उनलाई दमको समस्या थियो । तर, बेल्जियमबाट फर्किएपछि उनीमा कोरोना संक्रमणको कुनै लक्षण पनि देखिएको थिएन । त्यसैले उनको नमुना समयमै संकलन गरिएन । उनी घरमै बसिन ।

उनले घरका अरु सदस्यलाई र छिमेकीलाई कोरोना सार्न सक्ने भनेर अहिले होम क्वारेन्टाइनमा राखिएको छ । उनको प्रत्यक्ष सम्पर्कमा आएकाहरूको नमुना संकलन गरिए पनि रिपोर्ट आइसकेको छैन ।

**विश्व स्वास्थ्य संगठन (डब्ब्लूएचओ)को भनाई**

विश्व स्वास्थ्य संगठन (डब्बूलूएचओ)ले बाहिरबाट फर्किनेहरूमा देखिने संक्रमणलाई पहिलो चरण भनेको छ । दोस्रो चरणलाई उसले 'लोकल ट्रान्समिसन' अर्थात स्थानीय संक्रमणको चरण भनेको छ, जसमा बाहिरबाट आएका व्यक्तिबाट परिवार र समुदायका व्यक्तिहरूमा कोभिड(१९) को संक्रमण फैलिन्छ ।

डब्ल्यूएचओले धनगढीमा जस्तै बाग्लुङमा पनि 'लोकल ट्रान्समिसन' हुन सक्ने आकलन गरेको छ । किनकि त्यहाँको अवस्थापनि पनि धनगढीकोभन्दा फरक छैन ।
।

**विभिन्न विज्ञहरूका अनुभव र भनाईहरू**

क. सुदूरपश्चिम प्रदेश निर्देशनालायका प्रमुख डा. गुणराज अवस्थीकाको अनुभव र भनाई

सुदूरपश्चिम प्रदेश निर्देशनालायका प्रमुख डा. गुणराज अवस्थीकाअनुसार अहिले सुदूरपश्चिम प्रदेशका ९ जिल्ला ६० वटा स्थानीय तह, ६३२ वटा वडामा गौरीफन्टा नाका भएर आउनेहरूलाई स्वास्थ्यमा समस्या भए सम्पर्क गर्न निर्देशन दिइएको छ । निर्देशन दिनुबाहेक अहिले अन्य विकल्प नभएको उनी बताउँछन ।

डाक्टर अवस्थी भन्छन, 'उनीहरूलाई हामीले खोज्नेभन्दा पनि उनीहरू सबै आफैं आफ्नो स्थानीय तहमा सम्पर्कमा जानुपर्छ । स्वास्थ्यमा समस्या आउनासाथ स्वास्थ्यकर्मीसँग समन्वय गरेर नमुना पठाउनुपर्छ ।'

उनकाअनुसार गौरीफन्टा नाकाबाट भित्रिने अधिकांश मानिसहरू सुदूरपश्चिमका मात्र नहुन सक्छन् । दिल्लीबाट सात घण्टामा गौरीफन्टामा आइपुग्ने भएकाले त्यो नाका प्रयोग गरेर नेपाल भित्रिनेहरू देशभर रहेका हुन सक्छन् । उनी भन्छन्, 'यो अवस्थामा नागरिकहरूले सहयोग गर्दै स्वास्थ्य संस्थामा आए भने मात्रै महामारी रोक्न सहज हुन्छ, नत्र भन्न सकिन्न ।'

**ख. इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा निर्देशक डा. वासुदेव पाण्डे भन्छन्**

'हाम्रो टिमले सरकारले बनाएको प्रोटोकलअनुसार द्रुत गतिमा कन्ट्याक ट्रेसिङ गरिरहेको छ । पछिल्लो तीन संक्रमणको कन्ट्याक ट्रेसिङको रिपोर्ट हामीकहाँ आएको छैन''चैत ११ गते गौरीफन्टा नाका भएर छिर्ने भिडमा कतिजना थिए, उनीहरू ठूलो जोखिममा छन्'

**ग. डाक्टर रामु खरेलको विचार**

अमेरिकाको जर्जिया राज्यस्थित एटलान्टाको ग्राडी अस्पतालको इमर्जेन्सी डिपार्टमेण्टमा कार्यरत डाक्टर रामु खरेल कोरोना भाइरस २ देखि १४ दिनसम्म लक्षणबिनै बिरामीबाट संक्रमित हुनसक्ने बताउँछन् । सोही कारण एउटा मानिसको संक्रमण पुष्टि हुनु पहिला मानिसले अरु धेरैलाई संक्रमित गरेको हुनसक्छ ।

खरेलकाअनुसार औसतमा कोभिडको एक जना बिरामीले दुई देखि तीन जना अरु मान्छेलाई संक्रमित गर्ने सम्भावना हुन्छ । तर, कन्ट्याक ट्रेसिङ र परीक्षण राम्ररी गरिएन भने एक जना कोरोना संक्रमितले लाखौंलाई संक्रमित गराउन सक्छ ।

यही कारण कन्ट्याक ट्रेसिङ छिटोभन्दा छिटो गर्नुपर्छ भन्ने महामारीको सिद्धान्त छ । तर, नेपालमा देखिएको पहिलो केसदेखि नवौं केससम्मको कन्ट्याक ट्रेसिङ अत्यन्तै सुस्त छ ।

संक्रमित देशबाट आएकाहरूको कन्ट्याक ट्रेसिङको जिम्मा स्वास्थ्य सेवा विभाग अन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखालाई दिइएको छ । कुनै व्यक्तिमा कोरोनाको संक्रमण भएको रिपोर्ट आएपछि महाशाखाले उनी कहाँबाट आएका थिए, कोकोसँग सम्पर्कमा आए भन्ने विवरण मन्त्रालयलाई बुझाउनुपर्छ ।

**घ. महाशाखाका निर्देशक वासुदेव पाण्डे**

क्वारेन्टाइनस्थलमा राख्नेदेखि नमुना परीक्षणसम्मको काम महाशाखा अन्तर्गत नै पर्छ । महाशाखाका निर्देशक वासुदेव पाण्डेको भनाई छ । उनका अनुसार कन्ट्याक ट्रेसिङका लागि विज्ञसहित ११ वटा टिम बनेको छ । टिममा चिकित्सक, ल्याब टेक्निसियन, जनस्वास्थ्य विज्ञहरूलाई राखिएको छ ।

विभिन्न जिल्लामा फैलिएका संक्रमितको कन्ट्याक ट्रेसिङ गर्ने जिम्मा प्रादेशिक स्वास्थ्य निर्देशनालयलाई दिइएको छ । निर्देशनलायले नै महाशाखालाई रिपोर्ट गर्छ । पाण्डे भन्छन्, 'हाम्रो टिमले सरकारले बनाएको प्रोटोकलअनुसार द्रूत गतिमा कन्ट्याक ट्रेसिङ गरिरहेको छ । पछिल्लो तीन संक्रमणको कन्ट्याक ट्रेसिङको रिपोर्ट हामीकहाँ आएको छैन ।'

**ङ. कन्ट्याक ट्रेसिङ किन गर्नुपर्छ ?भन्नेवारे जिवाणु वैज्ञानिक सुदीप खड्काको विचार**

संक्रमित व्यक्तिको संक्रमण स्रोत पहिचान गरी उसको सम्पर्क तथा व्यवहारको पूर्णअध्ययन गर्ने र सम्भावित संक्रमितलाई चाँडोभन्दा चाँडो पहिचान गरेर उपचार गर्दै अन्य क्षेत्रमा संक्रमण फैलिन नदिने प्रक्रिया नै कन्ट्याक ट्रेसिङ हो ।

जिवाणु वैज्ञानिक सुदीप खड्काका अनुसार कुनै पनि रोगले महामारीको रूप लिन्छ भने सो रोगको उत्पत्ति र त्यसको सम्भाव्य असरप्रति पहिले नै जानकार हुनुपर्छ । त्यसका लागि रोग कहाँबाट, कसको माध्यम हुँदै र कसरी फैलियो भन्ने जान्न जरुरी हुन्छ । उनी भन्छन्, 'महामारी फैलिन सुरु हुनासाथ कन्ट्याक ट्रेसिङ गर्न सकियो भने यो महामारी रोक्ने अचुक औषधि हुन्छ ।'

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका चिकित्सक अनुप बास्तोला दक्षिण कोरियाको अनुभवका आधारमा नेपाल सरकारले कोभिड–१९ परीक्षण अगाडि बढाउनुपर्ने बताउँछन । दक्षिण कोरियामा संक्रमण फैलिएको सुरुवाती चरणमा दैनिक करिब १० हजार जनाको नमूना परीक्षण गर्ने गरिएको थियो ।

**च. दक्षिण कोरियाको अनुभव**

पाँच करोड १२ लाख ६९ हजार १८५ जनसंख्या रहेको दक्षिण कोरियाले ९ मार्च सम्ममा दुई लाख १० हजार एक सय ४४ जनाको नमुना परीक्षण गरेको थियो । यही कारण लकडाउन नगर्दा पनि त्यहाँ कोरोनाले ठूलो मानवीय क्षति भएको छैन ।

सन २०१५ मा फैलिएको मार्स रोग परीक्षण गर्ने क्षमता नहुँदा संक्रमित बिरामी फेला पार्न गाह्रो भएको अनुभवका आधारमा कोरियाले अहिले ठूलो सुधार गरेको साउथ चाइना मर्निङ पोस्टले जनाएको छ । यही कारण सुरुका दिनमा बढेका कोभिड(१९) को नयाँ संक्रमण दर पछिल्लो समय घटिरहेको छ ।सुरुवातका दिनहरूमा एकै दिनमा एक हजार जनासम्म संक्रमित भेटिएको कोरियामा मार्चको अन्तिमतिर एक सयको हाराहारीमा संक्रमित भेटिएका छन् ।

**सारांश**

माथि उल्लेख गरिएका संक्रमितका अवस्थाहरू र उनीहरूलाई सरकारबाट वेलैमा सहयोग नगर्दा उत्पन्न परिस्थितिले स्पस्ट पार्दछ कि ओली सरकारको भारतबाट नेपाल आफ्नो घर फर्किएकाहरूलाई समयमा नै र भिड नवनाएरै देशभित्र छिर्न नदिई सरकारले यसवारे समयमा नै निर्णय नगर्दा र भिड जम्मा गराउने काम गर्दा नै एक दुई जनाको संक्रमण अन्यमा फैलाउन मद्त पुग्यो ।

यो लेखको सारम्श सुदूरपश्चिम प्रदेश निर्देशनालय प्रमुख डा. गुणराज अवस्थीले भनेझै यो लेखकले पनि सहमितका साथ भन्नै पर्ने भएको छ, जसमा उनले भनेका छन्ँ–अब नागरिकहरूले सहयोग गर्दै स्वास्थ्य संस्थामा आए भने मात्रै महामारी रोक्न सहज हुन्छ, नत्र भन्न सकिन्न ।'

---

## क.लिला राना...

नेकपा (क्रान्तिकारी माओवादी)

८ नं. प्रदेश समिति सेक्रेटरी क. विकल्पले उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली र उहाँको समस्त शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेको छ ।

**शोक वक्तव्य**

२०२० मार्च ३० का दिन हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ८ नं. प्रदेश समितिका सदस्य कमरेड लिला राना (राइफल) को औषधोपचारको क्रममा भारतको चेन्नईस्थित एस.आर.एम. अस्पतालमा दुःखद् निधन भएको छ । सन् १९९१ मा कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गर्नुभएका क.राइफल नेकपा मसाल, नेकपा एकीकृत हुँदै हाल नेकपा (क्रान्तिकारी माओवादी) को प्रदेश सदस्यको हैसियतमा कार्यरत हुनुहुन्थ्यो । क.राइफलले लामो समयदेखि नेपाली कम्युनिष्ट आन्दोलन, वर्गसंघर्ष र नयाँ जनवादी क्रान्तिमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आउनुभएको थियो । उहाँको यस निधनबाट हाम्रो सिङ्गो पार्टी ८ नं. प्रदेश समिति, परिवारजन र शुभचिन्तक मित्रहरूसहित हामी सबैलाई अत्यन्तै मर्माहत, स्तब्ध र चिन्तित बनाएको छ । उहाँको निधनबाट नेपाली कम्युनिष्ट आन्दोलन र क्रान्तिमा अपूरणीय क्षति हुन पुगेको छ ।

कमरेड लिला राना (राइफल) को जन्म सन् १९६४ अप्रिल २६ का दिन बाग्लुङ जिल्लाको जैमिनी नगरपालिका वडा नं. १० राङ्खानीमा बाबा डम्बरबहादुर राना र आमा पवित्रा रानाको कोखबाट भएको थियो । ३ दाजूभाइमध्ये जेठो छोराको रूपमा जन्मनुभएको उहाँका ५ दिदीबहिनी, २ छोरी, ज्वाइँ र २ नातिनी हुनुहुन्छ ।

क. लिला राना (राइफल)को निधन भएको यस दःख घडीमा हामी उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली गर्दछौं । साथै हामी उहाँको समस्त शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

*क. विकल्प*
*सेक्रेटरी*
*नेकपा (क्रान्तिकारी माओवादी)*
*८ नं. प्रदेश समिति*

# आफू बसेकै पृथ्वी बेचेर समृद्धि र सन्तुष्टिको स्वाद लिंन खोज्ने विश्व एकाधिकार पुँजीवादको अन्त्य अनिवार्य छ



● हुकुमबहादुर सिंह ●

> *समाज विकासको साथै भौतिक विकासको ट्रेन्ड हेर्दा दुनियाँमा जहाँ सहर, उद्योग र व्यापारको विकास भएको छ, त्यहाँका अधिकांश रैथानेहरू(indigenous habitats) कित विस्थापित गरिएका छन् कित ज्यालादारी कामदार बनेका देखिन्छ । जब यीनीहरू बहिर पारिन्छन् उनीहरूका रैथाने खानेकुरामाथि आगन्तुक(वाहीरबाट बसाइसरी आएका)हरूको बचृश्व कायम बन्दै जान्छ र ती चीजहरूको व्यापार(बेचविखन) उनीहरूले गर्न थाल्दछन् ।*

***भूमिका***

मार्च २६, २०२० मा विश्व स्वास्थ्य संगठनलाई बुझाएको प्रतिवेदनमा इम्पेरियल कलेज लन्डनका अनुसन्धानकर्ताहरूले उल्लेख गरेका छन्– "यदि बेलैमा नियन्त्रण नभए कोरोनाको महामारीले विश्वका ७ अर्ब मानिसलाई संक्रमण गर्नेछ ।"

यदि यसो भएमा अहिलेको मृत्यदरले पनि कोरोना महामारीबाट करीब ४ करोड मान्छेको ज्यान जान सक्छ । उक्त रिपोर्टमा प्रष्टै भनेको छ-यदि हस्तक्षेप भइहाल्दा पनि ३० लाख मान्छेको ज्यान जोखिममै रहिरहन्छ । यस्तो महामारीमा नेपालजस्ता आम्दानी कम भएका तेस्रो मुलुकमा बसोबास गर्ने गरीब जनता नै यसबाट बढता शिकार बन्ने स्पष्ट छ । किनभने गरिब देश जहाँ सहज, पर्याप्त र गुणस्तरीय सार्वजनिक स्वास्थ्य सेवा छैन्, ती देशहरूले कोरोनाको सामना गर्न सक्ने अवस्था नै हुँदैन । यसको अन्तिम परिणाम गरिब देशमा वस्ने विपन्न वर्गको आर्थिक जीवन तहसनहस हुने स्पष्ट छ ।

किनभने विश्व मानव विकासको इतिहास हेरियो भने के स्पष्ट हुन्छ कि विश्वमा जे जस्ता महामारी आएका छन् ती सबै मान्छेकै गल्तीबाट उत्पन्न गरिएका हुन् । तर ती सबैको नकारात्मक असर आखिरमा गरिब मान्छे र गरिब देशलाई नै बढी डसेको छ । नेपालजस्तो देश जहाँका जनता दैनिक ज्यालादारी र व्यापारले मात्र धानिएका छन्, तिनीहरूको हालत कस्तो होला ? सहजै अनुमान लगाउन सकिन्छ ।

यो लेखको उद्येश्य यहाँ कोरोनाको महामारीका कारण यसले गर्ने क्षति कति होला, त्यो आउने दिनले नै बताउनेछ तर यस्तो महामारी किन बढ्दै छ ? भन्नेबारे चाहिँ मानव समुदायले साच्चै नै सोच्नै पर्ने आवश्यकता भएको छ र यसका पछाडिको मूल कारण के हुन सक्छ ? यसमा पनि गहन खोजको आवश्यकता छ । यसका लागि विश्व यो समग्र मानव समुदायमाथि आक्रमण हो, यसवारे कदापी ढिलाइ नगरी सोंच्नु आवश्यक भएको छ ।

***यस्ता माहामारीको जिम्मेवार को हुन त ?***

इतिहासको संक्षिप्त समिक्षाबाट पनि एउटा तथ्य के पत्ता लाग्छ भने सन् १९८० पछि विश्वमा मौलाउँदै गएको एकाधिकार पुँजीवादको आडमा ल्याइएको विश्वव्यापीकरण र नवउदारीकरण र नीजीकरणका कारण लाखौं विपन्न परिवारको जीवन लथालिंग बन्दै गएको छ । बसाइसराइ, तीव्र सहरीकरण र उच्च बेरोजगारीआदि विश्व एकाधिकार पुँजीवाद (वर्तमान रूप साम्राज्यवाद) रहेसम्म कहिल्यै नसल्टिने समस्या बनेका छन् । सन् १९८० पछि विश्वमा फैलिएको एडसको माहमारी(जो धनाडय व्यक्तिहरूको ऐयाशीका कारण उत्पन्न भएको थियो )ले पनि त ९० प्रतिशत एड्सको मार अफ्रिका तथा एशीयाका गरीब तथा विकासोन्मुख देशमा परेको इतिहास ताजै छ । यसरी सन् १९८० देखि खलबलिएको विश्व अर्थतन्त्र र समाज अहिलेसम्म नतंग्रिएको निष्कर्ष चोमस्कीजस्ता समाजवादी अर्थविद्हरूले निकालेका छन् । अब सोचौं, कोरोनाको मार कस्तो होला त ? विश्व पुँजीवादकै खरावीको परिणाम अहिले विश्वमा सामाजिक असमानता अझै बढदै गएको छ र गरीव र धनबीचको असमानताको खाडल झन झन चौडा बन्दै गएको छ र मानिसहरू रोजगारीका अवसरहरू खोज्दै गाउँ छाडेर देश विदेशका सहरहरूमा खाँदिन पुँगेका छन् । यी सब कारणले पनि कोरोनाजस्तो महामारीले विश्वका सहरहरूमा रहेका जनतामाथि बलियो आक्रमण गर्दैछन् । चीनको बुहान, अमेरिकाको न्युयोर्क, बेलायत, फ्रान्स, इटली, आदि विश्वका प्रमुख शहरहरूका मानव समुदाय यसबाट प्रताडित देखीएका छन् ।

कोरोनाजस्ता महामारीबाट बच्नका लागि आखिरमा एउटा महत्पूर्ण भूमिका स्वास्थ्य केन्द्रहरू नै हुन्छन् । तर एकाधिकार पुँजीवादको आडमा ल्याइएको विश्वव्यापीकरण र नवउदारीकरण र नीजीकरणका कारण नेपालजस्ता विश्वका देशहरूमा सार्वजनिक अस्पत्तालको अवस्था अप्ठ्यारोमा पर्दै जानु र सार्वजनिक स्वास्थ्यसेवा निजी अस्पतालतिर उर्लिर्दै जानु सार्वजनिक अस्पत्तालहरूको भूमिका तयति सशक्त देखिएको छैन् । अहिले नेपालमा रूपमा कम्युनिस्ट सरकार छ र समाजवादी अर्थव्यवस्थाको नारा दिएको छ तर सारमा समग्र राज्य सत्ता निजी अस्पताल पोस्न हतारिएको देखिन्छ । जव कोरोना सुरुमात्रै के भएको थियो(यसको माहामारी रूप त अझै पछि को कुरा) नेपालका निजी अस्पतालहरूले सार्वजनिक स्वास्थ्यसेवा दिन आनाकानी गरेका कुरा बाहिर आएका छन् । सामान्य रुघाखोकीका विरामीलाई अस्पत्तालको गेटबाटै फर्काइदिएका कुराहरू बाहिर आएका छन् । समाजवादको नारा दिने कम्युनिस्ट सरकार र समग्र राज्य सत्ता जसले निजी अस्पताल पोस्ने काम गरिरहेका छन्, सार्वजनिक अस्पताल र नीजी अस्पतालबीचमा समन्वय एवं सहकार्य गर्न स्मेत नेपाल सरकारले सकिरहेको छैन् । यस्ता माहमारी रोकथामका लागि कस्तो स्वास्थ्य सेवा चाहिन्छ भन्ने त भरखरै चीनजस्तो स्वास्थ्य सेवा भएको देशले मात्रै सजिलै कोरोनाजस्ता महामारीको सामना र नियन्त्रण गर्न सक्छ भन्ने तथ्य सार्वजनिक भएको छ । र यसले पनि समाजवाद र समाजवाद मात्तै यस्तो व्यवस्था हो जसले सही मानेमा कोरोनाजस्ता माहमारीको बेलैमा मुकाविला गर्न सक्छ भन्ने नै हो । चीनमा वैज्ञानिक समाजवाद त छैन तै पनि चीनको विशेषतामा अधारित समाजवादले देश र जनताको पक्षमा निकै राम्रा काम गरेको छ भनेर विश्व समुदायले पनि भनिरहेका छन् । यद्धपि भविश्यको चीन अहिलेको अमेरिका हुनेछ किनभने चीनले अहिले विश्वव्यापार संगठन, विश्व बैंक, अन्तराष्ट्रिय मुद्रा कोष, विश्वव्यापीकरण, उदारीकरण र नीजिकरणआदि जे जतिको घोडामा अमेरिका तथा युरोप र जापानका सरकारहरू सवार छन्, तिनै घोडामा चीन सवार हुन तयार देखिएको छ ।

***इतिहासमा भएका माहामारीहरू***

कोरोना भइरसलाई संयुक्त राष्ट्र संघले दोस्रो विश्व युद्धपछिको महामारी भनिरहेको छ । किनभने त्यो भन्दा अगाडि यस्ता अनगिन्ति महामारी भएका छन् । पहिलो विश्वयुद्ध सन् १९१४ जुलाई २८मा सुरु भएको थियो । यसका पछाडिको एउटा प्रमुख कारण दुनियाँभर फैलिरहेकै युरोपेली बजारका बीचको होडबाजी थियो । चार वर्षसम्म लम्बिएको त्यो युद्धमा २१ लाख मान्छेको ज्यान जाँदा पनि हारजित भइरहेको थिएन । आखिरमा सबै खाले युद्ध र नरसंहारको मार त पृथ्वी र पृथ्वीमा वस्दै आएका गरीबले नै झेल्नु पर्छ भन्ने त्यसवेला नै देखिएको थियो । यद्धपि विश्वका गरीव जनताका लागि त्यो युद्धको एउटा राम्रो परिणाम आशाको किरण लिएर पहिलो समाजवादी देश सोभियत संघको उदय भयो । त्यो युद्धको एउटा नराम्रो परिणाम युद्धको डढेलो झेलिरहेको पृथ्वीले विश्वयुद्धको चौथो वर्षको सुरुआत, सन् १९१८ मार्चमा नै इन्फ्लुएन्जाको संक्रमणको सामना गर्नु पर्‍यी । करिब ५ करोड मान्छेको ज्यान लिने उक्त महामारीको उग्ररूप विश्व त्यतिबेला देख्यो, जतिबेला स्पेनका राजा अल्फाँसो तेह्रौं इन्फ्लुएन्जाबाट संक्रमित भए । मे २२, १९१८ मा स्पेनको 'एबीसी न्युजपेपर' मा प्रमुख समाचार बनेको यस महामारीलाई 'स्पेनिस इन्फ्लुयन्जा' को नाम दिंदै स्पेनले महामारीको दोष फ्रान्समाथि लगायो । यसको करिब ५ महिनापछि नोभेम्वर ११, १९१८ मा अमेरिकी नेतृत्वमा चार वर्ष लामो विश्वयुद्ध बिसाइयो । त्यतिबेलासम्म स्पेनिस फ्लुकै कारण काम गर्ने २० देखि ४० वर्षका झन्डै ३ करोड ४० लाख नौजवानको ज्यान गइसकेको थियो (जैके तबनबर्गर र डीएम मरन्स, २००६; १९१८ इफ्लुयन्जा : द मदर अफ अल प्यान्डेमिक) ।

अहिले विश्वका सबै देशहरू घनाजंगल मासेर सहर वसाइएका देशहरू हुन् । जव जंगल मासिन्छ अनि जंगल मासिएपछि जगली पशुपक्षीहरू पनि सहरको वोरपिरी खानका लागि झुम्मिन्छन् । अहिले स्पेनिस इन्फ्लुयन्जाजस्तो महामारीको ठ्याक्कै एक सय वर्षपछि चीनको वुहान राज्यबाटै कोरोना भाइरसको संक्रमण जागेको छ । यसको दोष जंगली जनावर-चमेरोलाई दिइए पनि मान्छेले प्रकृति र जंगली जीवजन्तुमाथि गरिरहेको रजाइँको चचौ कही कतै गरिरहेको पाइएको छैन् । पृथ्वीसँग बिग्रँदो सम्बन्धको मार फेरि पनि विपन्न र कम आय भएका सामाजिक समूहमा बढी परेको राहतका नाममा ५ किलो चामलका लागि दिनभरका दिनभर लाइनमा बसिरहेको देखिन्छ । जवकि पृथ्वीसँग बिग्रँदो सम्बन्धका लागि विश्वका अति धनी र सम्पन्न देशहरू अमेरिका, चीन। फ्रान्स जापान, जर्मन, बेलायतआदि नै जिम्मेवार छन् ।

***प्रकृतिसँग मानिसका बिग्रँदो सम्वन्धलाई कसरी सुधार्ने ?***

समाज विकासको साथै भौतिक विकासको ट्रेन्ड हेर्दा दुनियाँमा जहाँ सहर, उद्योग र व्यापारको विकास भएको छ, त्यहाँका अधिकांश रैथानेहरू(indigenous habitats) कित विस्थापित गरिएका छन् कित ज्यालादारी कामदार बनेका देखिन्छ । जब यीनीहरू बहिर पारिन्छन् उनीहरूका रैथाने खानेकुरामाथि आगन्तुक(वाहीरबाट बसाइसरी आएका)हरूको बचृश्व कायम बन्दै जान्छ र ती चीजहरूको व्यापार(बेचविखन) उनीहरूले गर्न थाल्दछन् । ती आगन्तुकहरू, जो वाहीरबाट बसाइसरी आएका हुन, जसले कतिपय खानाको पर्यावरणीय, सामाजिक तथा सांस्कृतिकजस्ता मर्मबारे बुझेका हुँदैन र बुझन पनि चाहादैनन् । ती खानेकुरा जंगली पशुपक्षीबाट कसरी खान योग्य बनाइएका थिए, त्यसको खोजीनीति उनीहरबाट हुँदैन । यहीँनेरबाट प्रकृति, जीवजन्तु र मानिसको सम्बन्धमा खटपट सुरु भएको इतिहास पाइन्छ । र, परिणाम प्रकृतिलाई आफ्ना नंग्राहरू-बहुराष्ट्रिय कम्पनीहरूमार्फत अनाधिकृतरूपले एक आपसमा खरीद बिक्रि गरेर त्यसबाट आफ्नो समृद्धि र सन्तुष्टिको स्वाद लिंन खोज्ने एकाधिकार पुँजीवादका गलत कार्यहरूको कारण कोरोनाजस्तो महामारी बनेर समग्र मानव समुदायमाथि प्रकृतिले बज्र प्रहार गर्दछ र समाजमा माहामारीको रूपमा देखापर्छ । जसको सामाजिक एवं सांस्कृतिक क्षतिपूर्ति नै छैन ।

बहुराष्ट्रिय कम्पनीहरू कसरी प्रकृतिमाथि अत्यधिक शोषण गरेर अतयिधिक फाइदा लिन खोज्छन भन्ने यो उदाहरणले स्पष्ट पार्न मद्त गर्दछ । यसवारे 'जर्नल अफ अवेसिटी प्रिभेन्सन' लेख्छ- अहिले विश्वमा गहुँबाट मात्रै दैनिक १ सय २२ भन्दा बढी खानेकुराका परिकार बन्छन् । जति परिकारको संख्या बढेको छ, उति धेरै प्रविधि र मेसिनको प्रयोग बढेको छ । खानेकुराका प्रकार थपिँदै जाँदा, व्यावसायिक खेती गर्ने घनाजंगल तीव्र गतिमा मासिएको छ । रेनफरेस्ट एक्सन नेटवर्क-२०१७ का अनुसार विश्वमा बहुराष्ट्रिय कम्पनीहरूले चलाएका ठूला खाद्य उत्पादक कम्पनीका कारण बर्सेनि २० हजार हेक्टर जंगल सखाप भइरहेको छ । फर्निचर बनाउँदा होस या खानी उत्खनन गर्दा वन नै मासिएको छ । यसरी मान्छेका सबै प्रगति र उन्नति पृथ्वी(प्रकृति)को बेचबिखनमा उभिएका छन् र यी सबैका पछाडि अति विकसितदेशका बहुराष्ट्रिय कम्पनीहरू जिम्मेवार छन् ।

जर्नलले अझ स्पष्ट पार्दै लेख्दछ, अहिलेसम्म करिब १३ लाख १९ हजार हेक्टर जंगल मासेर उद्योग, खानी तथा सहरी विकास भएका छन् । यसको क्षेत्रफल दक्षिण अमेरिकी देश कोस्टारिकाको डेढ गुणा जति हुन आउँछ । एक वर्ग किमिमा करिब ७५ हजार रूख हुर्कन्छन् । यो हिसाबमा त अहिलेसम्म समृद्धिको नाममा करिब ६९ अर्ब रूख काटिइसकेका छन् । यसले कति पशुपक्षीको बसोबास नष्ट भयो होला । सयौं पशुपक्षी त गाँसबास नपाएरै पृथ्वीबाट अस्ताइसकेका छन् । कति मान्छेको वरपर आइपुगेका पशुपक्षीको कारण मान्छे र प्रकृतिको सम्बन्ध लथालिंग भएको छ । जर्नलले जोड दिएर भनेको छ । यी सबैका कारण पृथ्वीमा बढदै गएको तातो पनाले एक दिन विश्वको समग्र सृष्टि इतिहासको गर्भमा जाने सबैलाई थाहा नभएको कहाा होर ?

म्यासाचुसेटस इन्स्टिच्युट अफ टेक्निोलोजी (एमआएटी)का इमेरिटस प्रोफेसर एवम अरिजोना विश्वविद्यालयका लरिएट प्रोफेसर नोम चोम्स्कीको शब्दमा -"कोभिड-१९ को आँधीबेहरीले पुँजीवादी अर्थतन्त्र त ठप्पै भएको छ । विश्व-मन्दी अब रोकेर रोकिन सक्ने अवस्थामा छैन ।"

यस्तो महामारी कुनै महाविपत्तिको रूपमा विश्वमा आउँछ भन्ने अनेकौ पूर्वानुमान नगरिएका पनि होइनन । यसवारे विभिन्न फिल्महरू बनाएका थिए, पुस्तकहरू लेखिएका थिए तर किन विश्वले र विश्वका वैज्ञानिकहरूले यसवारे गम्भीर भएर किन यसका विरुद्ध विश्व मानव समुदायलाई बचाउनका लागि कुनै तैयारी गरेनन त ? यसवारे नोम चोम्स्कीको भन्दछन्-'भविष्यमा आउन सक्ने महाविपत्तिको पूर्वसावधानी अपनाउने काममा कुनै नाफा नदेख्ने' आर्थिक प्रणालीको सोच्ने नवउदार पुँजीवादको क्रुर तरिकाले त्यस्तो संकटको पूर्वतयारी गरेन ।

जव विश्वमा कोरोना भाइसर एउटा महामारीका रूपमा फैलिंदै गयो, विश्वले देख्दै छ, देखिरहेको छ-यो महामारीको सामनामा गर्न संयुक्त राज्य अमेरिकाको पुरै असफल देखिएको छ । अहिलेसम्ममा संरा अमेरिका संसारकै सबभन्दा बढी प्रभावित देश बनेको छ । भाइरसको महाव्याधि सुरु भएको चीनलाई पनि संरा अमेरिकाले उछिनेको छ । संरा अमेरिका नवउदारवादी पुँजीवादको जन्मथलो हो ।

नवउदारवादी पुँजीवाद जसले 'सरकार नै समस्याको मूल जरो हो ।' भन्दछ र

निर्णय प्रक्रिया धेरैभन्दा धेरै ब्यापारीको हातमा हुनुपर्छ भन्छ। निजी नाफाको लागि काम गर्नेहरूलाई सबै कुराको निर्णय गर्ने अधिकार सुम्पिनुपर्छ भनने मान्यता राख्छ र सार्वजनिक हितमा चासो राख्नेहरूको प्रभावबाट निर्णय प्रक्रिया मुक्त गरेर व्यापारिका हातमा राखिनुपर्छ भनने सिद्धान्तको पक्षपोषण गर्दछ । अमेरिकी पूर्व राष्ट्रपती रोलाल्ड रेगनले त्यस्तो घोषणा गरे यताका वर्षहरूमा अनियन्त्रित पुँजीवादी व्यवस्थाले मौलाउने अवसर पायो, परिणाम नवउदारवादी निर्ममताको मात्रा थपिदै गयो । फलतः आजको टेढो मेढो बजारको रचना भयो ।

अमेरिकामा रोनाल्ड रेगन र बेलायतमा मार्गरेट थ्याचरको पालादेखि नै पुँजीवादको नवउदारवादी संस्करण शक्तिशाली बन्दै आएको हो । यद्धपि उनीहरूभन्दा केही अघिबाटै नवउदारवादको सुरुवात भएको थियो । नेपालमा नवउदारवादको नकारात्मक असर डा. रामशरण महत (जसलाई स्वयम नेपाली कांग्रेसकी नेतृ सुजाता कोइरालाले देश र नेकाँ पाटीृभित्रको विदेशी दलाल भनेर केही दिन अगाडि बोलेकी थिइन्)जव सरकारका अर्थमन्त्री बने उनले अमेरिकामा रोनाल्ड रेगन र बेलायतमा मार्गरेट थ्याचरको पालादेखि नै पुँजीवादको नवउदारवादी संस्करणलाई नेपालको अर्थतन्त्रमा भद्धा नक्कल गरे । समाजवादी देशहरू-रुस र चीनले नेपाली जनतालाई उपहारस्वरूप बनाइदिएका कैयौ कलकारखाना तथा उद्योगधन्दाहरूलाई ती बेचेवापलत प्राप्त हुने कमिसनको लागि कौडीको मूल्यमा भारतीय व्यापारीहरूलाई बेचे । परिणाम हजारौ नेपाली युवाहरू बेरोजगार बने र कामको खोजमा विदेशतीर भौतारिन बाध्य बनाइए । यसो गरेवापत उनी अमेरिकी नवउदारवादी खेमाबाट पुरस्कृत पनि गरिए ।

रेगनले पनि त धनी मानिसबाट करको भार हटाएर सर्वसाधारणको काँधमा करको भारी थोपरिदिएका थिए । शेयरको मूल्य बढाउन शेयर किनबेचलाई आधिकारिकता दिए, ब्यापारी र शेयर मालिकहरूलाई धनी बनाए । तर, उद्योगको उत्पादनशीलतालाई भने बेवास्ता गरेका थिए । त्यसवेला असाध्यै धनी मानिसप्रति रेगनको सद्भाव आजसम्म आइपुग्दा प्रगतिको अर्कै उचाइमा पुगेको छ ।

नवउदारवादी पुँजीवाद विश्वमा अनगिन्ति महामारीका लागि कसरी जिम्मेवार छ भन्ने विषयमा छलफल आवश्यक छ । अहिलेको यो गञ्जागोलको अवस्था आउनुका पछाडि नवउदारवादी पुँजीवाद किन जिम्मेवार छ त ? यसवारे नोम चोम्स्कीको भनाई यस्तो छ- 'जब नवउदारवाद हावी हुन्छ तब सरकारले समग्र बजारका असफलतामा केही गर्न सक्दैन, हरेक चीजको निर्णायक बजार बन्न जान्छ । बजारको कुरा प्रस्ट छ-'भविष्यको लागि लगानी गर्नु घाटाको ब्यापार गर्नु हो ।' यस्तो अवस्थामा सरकारले पहलकदमी लिनुपथ्यी । तर, अहिले शासन गरिरहेको 'सरकार नै समस्याको जड हो' भन्ने नवउदारवादी सिद्धान्तले सरकारलाई त्यस्तो पहल लिन रोक लगाएको छ । नेपालमा पनि वर्तमान ओली सरकारलाई यही सिद्धान्छका कारण पहल लिन रोक लगाएको छ कि भन्ने देखिएको छ, तयो भनेको-'भविष्यको लागि लगानी गर्नु घाटाको ब्यापार गर्नु हो ।' त्यसैले त ल्पेन चार्टर गरेर विदेशबाट मानिस ल्याउन हतारिन्छ, तर नेपाली मजदुरहरलाई दुईचार गाडि खोजेर रुउनीहरका घरसम्म पुर्‍याउन आनाकानी गर्दछ । यहानेर नोम चोम्स्कीको माथिका भनाईहरू कति सानदर्भिक छन् ।

यो सन्देहरहित सत्य हो । जब नवउदारवाद हावी हुन्छ तब सरकारले समग्र बजारका असफलतामा केही गर्न सक्दैन । त्यही कारण आज गञ्जागोलको अवस्था निम्तिएको छ । नवउदारवादी दर्शनअनुसार हुने त्यस्तै हो । मिल्टन फ्रीडम्यान र नवउदारवादका अरु हिमायतीले हामीलाई सिकाएका छन् व्यापार प्रबन्धकको मूल जिम्मेवारी भनेको नाफा अधिकतम बनाउनु हो । यो नैतिक जिम्मेवारीबाट थोरै पनि यताउता भए 'सभ्य जीवन' को जग हल्लिन्छ ।

***कोरोना माहामारीबाट अबको विश्वले केही सिक्ने कि ?***

कोरोना विश्वका मानव जातिकै लागि एउटा माहामारी शत्रु हो । तर पृथ्वी र मानवबीचको सम्वन्धलाई सन्तुलित राख्ने दवाव यसले दिएको छ । त्यसैले यसका केही सकारात्मक पक्षहरू पनि बाहिर आउन थालेका छन् । भरखरै फरवरी २४, २०२० देखि चीनले ५४ थरीबाहेक अन्य जिउँदो जंगली पशुपक्षी बेच्न र उपभोग गर्न स्थायी प्रतिबन्ध लगाएको छ । त्यसअघि चीनमा मात्रै करिब ९७ प्रजातिका विभिन्न जिउँदो जंगली जनावरको बेचबिखन हुने गरेको अनुमान नेसनल जियोग्राफी २०१६ ले गरेको छ । दक्षिणपूर्वी एसियामा मात्रै ४० प्रजातिका चराचुरुंगी, स्तनधारी तथा घस्रने जीवजन्तुको बेचबिखन र उपभोग हुन्छ । नेसनल जियोग्राफीको सर्वेक्षणअनुसार अहिले पनि ८३ प्रतिशत चिनियाँ आफ्नो खानाको रूपमा जंगली पशुपक्षीको मासु खान रुचाउँछन् । यद्यपि विश्वभर र चीनमा समेत ' मास-डिफरेस्टेसन' भइरहेकाले यिनको आपूर्ति भने सहज देखिन्न । केही वर्षयता नेपालमा समेत जंगली पशुपक्षीको उपभोग बढेको छ । बट्टाई, कालिज, खरायो र बंदेलजस्ता जिउँदो जंगली पशुपक्षीको व्यावसायिक पालन बढेको छ । यसले के देखाउँछ भने विश्वभर जति सहर बढेका छन् त्यति नै वन विनाश र जंगली पशुपक्षीको उपभोग बढेको छ । बहुराष्ट्रिय कम्पनीहरूले पैसाको बलमा विश्व पर्यावरणलाई तहसनहस पारिरहेका छन् । परिणाम कोरोना जस्ता माहामारीको जन्म हुन जान्छ ।

***प्रकृति र मानव सम्वन्धबारे मानवशास्त्रीको विश्लेषण***

मानवशास्त्री फेडरिक बाँकी ७ पेजमा

# कोरोनाले उत्पन्न गरेको मृत्युको भय र टर्कीकी हेलिन बोलेकले रोजेको मृत्यु



● **उज्वल**

आज कोरोना भाइरस (कोभिड-१९) को महामारीले विश्वभर मृत्युको भयले डंका पिटिरहेको छ । मृत्युबाट भाग्दाभाग्दै पनि करिब झण्डै लाखको संख्यामा मानिसलाई मृत्युले निलिसकेको छ । लाखौं अहिले पनि मृत्युशैयामा छटपटाइरहेका छन् । संसारभरका अरबौं मानिस अहिले पनि बाँच्नका निम्ति आफ्नो सारा शक्ति कोरोना भाइरसको प्रतिरोधमा लगाइरहेका छन् । आर्थिक, सामरिक, बौद्धिक तथा अत्याधुनिक विज्ञान र प्रविधिले युक्त शक्तिशाली पुँजीवादी तथा साम्राज्यवादी मुलुकहरू पनि यो भाइरस विरुद्धको लडाइँमा हारिरहेका छन् । कोरोना भाइरस विरुद्धको यो लडाइँले विश्वकै नक्सा बदलिदिने विश्लेषण गर्न थालिएको छ । विश्वभर आर्थिक मन्दी विस्तारित हुँदै जाँदा थुप्रै देशमा सत्ता तथा व्यवस्था उलटपुलट हुने र विश्वको शक्तिकेन्द्रमा पनि पूरै फेरबदल आउने संकेतहरू प्रष्ट रूपमा देखिन थालेका छन् ।

जीवन बाँच्न र बचाउन आज विश्वभरका अरबौं मानिसहरू सम्पूर्ण शक्तिका साथ लागिरहेको बेला टर्कीकी लोकप्रिय क्रान्तिकारी जनगायिका हेलिन बोलेकले भने गत शुक्रबार २८८ दिन लामो भोक हडतालका कारण मृत्युवरण गरिन् । अर्को भाषामा भन्ने हो भने उनले आफ्नो अमूल्य जीवन बलिदान गरिन् । टर्कीका आम श्रमजीवी शोषित उत्पीडित मुक्तिकामी जनताका लागि र विश्वभरका श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायका निम्ति पनि 'सहिद' भइन् । कोरोना भाइरसका कारण मृत्यु भएका लाखौ मानिसहरूको मृत्युभन्दा हेलिन बोलेकको मृत्यु निकै वजनदार बन्यो । अरुको मृत्यु प्वाँखजस्तै हलुंगो तर बोलेकको मृत्यु पहाडजस्तै गह्रुंगो । फरक यत्ति हो अरु आफ्नो लागि बाँचे, बोलेक श्रमजीवी शोषित उत्पीडित वर्गको मुक्तिको लागि बाँचिन । अरु जिउँदै मृत्यु देखिरहेका थिए, बोलेक मृत्युपछि पनि जीवन देखिरहेकी थिइन् । कोरोना भाइरसबाट मृत्यु भएका लाखौं मानिसहरूले बाँचेकाहरूलाई जरुर दुःखी तुल्याएका छन् । उनीहरूको मृत्युबाट जरुर सम्बन्धित परिवार तथा समाज पनि प्रभावित बनेको होला, तर बोलेकको मृत्युले संसारभरका शोषित उत्पीडित श्रमजीवी वर्ग र समुदायलाई ऊर्जा प्रदान गरेको छ, उत्प्रेरणा सञ्चार गरेको छ । यसकारण कि उनले रोजेको मृत्यु सामन्तवाद र साम्राज्यवाद विरुद्धको एउटा विद्रोहको मशाल थियो । आम सर्वहारावर्गको महान मुक्ति अभियानको एउटा अजेय संकल्प थियो । त्यसैकारण त संसारभरका कम्युनिष्ट क्रान्तिकारीहरूले उनको मृत्युलाई 'रेड स्यालुट' गरे, विभिन्न माध्यमबाट 'श्रद्धाञ्जली' अर्पण गरे ।

प्रतिक्रियावादी दलाल फासीवादी सत्ता कति क्रूर र अमानवीय हुन्छन् भन्ने कुरा टर्कीका शासकहरूले हेलिन बोलेक सम्बद्ध सांगीतिक समूहमाथि लगाएको प्रतिबन्ध र त्यससँग सम्बद्ध सदस्यहरूलाई गरेको गिरफ्तारी, यातना र दमनबाट बुझ्न सकिन्छ । हेलिन बोलेक टर्कीको क्रान्तिकारी सांगीतिक ब्यान्ड 'ग्रुप योरम'की सदस्य रहेकी थिइन् । उनी र ब्यान्डका अर्का सदस्य इब्राहिम गोसेक ब्यान्डमाथिको प्रतिबन्ध फुकुवा गर्ने मागसहित आमरण अनशनमा थिए । 'सत्यबारे गाउन पाउने अधिकारका लागि'




भन्दै भोकै बसेका उनीहरूको पाँच प्रष्ट माग थिए : इदिल सांस्कृतिक केन्द्र र ग्रुप योरममा छापा मार्न छाड्नु पर्ने, ब्यान्डका सदस्यहरूलाई खोजीको सूचीबाट हटाइनु पर्ने, उनीहरूको ब्यान्ड र कार्यक्रममाथिको प्रतिबन्ध फुकुवा गर्नुपर्ने, ब्यान्डविरुद्धको मुद्दा फिर्ता लिइनु पर्ने, पक्राउ परेका ब्यान्डका सात जना सदस्यलाई रिहा गरिनु पर्ने ।

उक्त सांगीतिक ब्यान्डमा टर्किस र कुर्दिस सदस्यहरू थिए । उनीहरूको प्रायः गीत स्वतन्त्रताका लागि गरेको संघर्ष, अन्तर



र्ष्ट्रिय ऐक्यबद्धता र दैनिक मजदुरी गर्नेहरूको पक्षमा छन् । टर्कीमा चर्चित यस ब्यान्डका कन्सर्टहरूमा हजारौं लाखौं दर्शकहरूको उपस्थिति हुने गर्दथ्यो । जनताबीचमा लोकप्रियता बढ्दै गएपछि र गीतसंगीतको माध्यमबाट जनतामा समाज रूपान्तरणका निम्ति तथा क्रान्तिकारी परिवर्तनका निम्ति जागरण पैदा गराउन थालेपछि टर्कीका शासकहरू अत्तालिन पुगे र यो सांगीतिक समूहको कार्यालयदेखि कार्यक्रम स्थलमा पटक-पटक छापा मारियो, दमन र धरपकड गरियो । उनीहरूका सदस्यलाई विनाकारण पक्राउ गर्ने र यातना दिने गरियो ।

जेलभित्रै भोक हडताल गरेकी बोलेकलाई नोभेम्बरमा रिहा गरिएको थियो । रिहा भएपछि पनि उनले आफ्नै घरबाट भोड हड्ताल जारी राखेकी थिइन् । बोलेक रिहा भएको तीन महिनापछि रिहा भएका इब्राहिमले पनि सँगै भोक हड्ताल जारी राखेका थिए । करिब तीन साताअघि भने भोक हड्तालमा रहेका बोलेक र गोसेक बसेको ठाउँमा टर्कीको सुरक्षा फौजले छापा मार्‍यो । उनीहरूलाई जबरजस्ती खाना खुवाउने कोसिस गरियो र उपचारका लागि अस्पतालसमेत लगिएको थियो । तर, उनीहरूले खाना खान अस्वीकार गरिदिए र उपचार गर्न पनि मानेनन् । ६ दिनको अस्पताल बसाइपछि उनीहरू पुनः अनशनस्थल फर्किएका थिए ।

२८ वर्षीया बोलेक र इब्राहिमले उनीहरूले बरु मृत्यु रोज्ने तर आफ्नो माग पूरा नभएसम्मका लागि अनशन नतोड्ने संकल्प गरेका थिए । यही क्रममा भोक हड्तालको २८८ औं दिन अर्थात् अप्रिल ३ मा टर्कीको ठूलो शहर स्तानबुलस्थित आफ्नै घरमा बोलेकको निधन भयो । इब्राहिमले भने भोकहड्ताल जारी राखेका छन् ।

योरुम सांगीतिक समूहले पुराना लोक भाकाहरूको संकलन गर्ने र प्रदर्शन गर्ने गरेको थियो । सन् २०१६ मा टर्कीमा एक प्रस्तुतिपछि समूहमाथि प्रतिबन्ध लगाउँदै केही सदस्यहरूलाई जेल हालिएको थियो ।

यो सांगीतिक समूहलाई त्यहाँको सरकारले टर्कीको प्रतिबन्धित क्रान्तिकारी पिपुल्स लिब्रेसन पार्टी फ्रन्ट वा डीएचेपीसँग सम्बन्धित रहेको भन्दै प्रतिबन्ध लगाएको थियो । उक्त पार्टीलाई टर्की, अमेरिका तथा युरोपियन युनियनले आतंककारी घोषणा गरेका छन् । यस तथ्यबाट पनि स्पष्ट हुन्छ कि बोलेकले रोजेको मृत्यु सर्वहारा श्रमजीवी वर्गका निम्ति थियो र यो टर्कीको दलाल फासीवादी सत्ता, अमेरिकी साम्राज्यवाद, युरोपियन युनियन, साम्राज्यवादी सैन्य गठबन्धन नाटोको विरुद्धको एक ऐतिहासिक विद्रोह नै थियो । बोलेकको मृत्युले कोरोना भाइरसबाट हायलकायल बन्दै गरेको पुँजीवादी साम्राज्यवादको सत्ता ध्वस्त पार्न विश्व सर्वहारावर्गका निम्ति विद्रोहको आव्हान पनि हो ।

टर्कीका कम्युनिष्ट क्रान्तिकारी तथा माओवादी नेता इब्राहिम क्यापक्कायको बलिदानले ऊर्जाशील बनाएको टर्कीको कम्युनिष्ट क्रान्तिकारी आन्दोलनले हजारौं हेलिन बोलेकहरू जन्माइरहने छ र विश्व कम्युनिष्ट आन्दोलन तथा सर्वहारावर्गीय क्रान्तिकारी आन्दोलनलाई पनि उर्जा भरिरहने छ । हार्दिक श्रद्धाञ्जली कमरेड हेलिन बोलेक । हार्दिक श्रद्धाञ्जली कमरेड इब्राहिम क्यापक्काय । टर्कीको कम्युनिष्ट क्रान्तिकारी आन्दोलन त्यहाँको प्रतिक्रियावादी सत्ता ध्वस्त पार्दै अगाडि बढोस् । हार्दिक शुभकामना !

## कोभिड–१९का...

जीवन र मानव जातिको रक्षा कसरी गर्ने भन्ने नै हो । यसै समस्या र यसको समाधानका केही उपायहरूको बारेमा यहाँ केही चर्चा गर्ने प्रयास गरिएको छ ।

***सरकारको भूमिका र संत्रासको वातावरण***

हाम्रो देशसँग जोडिएको, हाम्रो उत्तरतिरको छिमेकी देशमा त्यत्रो महामारी फैलिसक्दा पनि यो महामारीले महिनौंसम्म हिमाल छिचोलेर नेपाल पसेको थिएन । यही अवस्थालाई कायम गर्ने प्रयत्न गर्नका लागि यो हामी नेपालीका लागि महान अवसर थियो । यो अवसरको सदुपयोग गर्ने प्रमुख दायित्व सरकारको हुन जान्थ्यो । दुर्भाग्य, सरकारले नै यो अवसरको सबैभन्दा बढी दुरूपयोग गर्ने भूमिका खेल्यो ।

विश्व स्वास्थ्य संगठनले ‘ विश्व संकटकाल’ घोषित गरेको अवस्थामा यो सरकारका मन्त्रीहरू के बयान दिइरहेका थिए ? भूमिसुधार र व्यवस्थामन्त्री जनतालाई सुसूचित गर्दै थिइन् ‘नेपालीले यो कोरोना भाइरसलाई सजिलै पचाउने क्षमता राख्दछन् । निश्चिन्त हुनुस् यो भाइरसले नेपालमा कुनै विगार गर्न सक्दैन ।’ पर्यटनको पर्याप्त सम्भावना भएको हाम्रो देशमा ‘पर्यटन वर्ष २०२० ’ मनाउने निर्णय गर्नु राम्रै कुरा थियो । तर, कोरोना भाइरसले महामारीको रूप लिइसकेको, विश्व स्वास्थ संगठनले विश्व संकटकाल घोषित गर्ने अवस्था, विश्वव्यापी रूपमा महामारी घोषित गर्नुपर्ने अवस्था आइसकेको समयमा पनि नेपाललाई ‘कोरोना मुक्त देश’ घोषणा गर्नु र ‘पर्यटन वर्ष यथावत् चल्छ’ भनेर कोरोनाको केन्द्रविन्दु बनेका युरोप र अमेरिकाबाट पर्यटक ओसार्न बल गरिरहनु गैरजिम्मेवार काम भएन ? आफैंले पनि प्राइभेट स्कुल, क्याम्पस चलाउँदै आएका शिक्षामन्त्री अन्तिमसम्म भन्दै थिए ‘एसईईको परीक्षा कुनै पनि हालतमा रोकिने छैन ।’ यसप्रकार शैक्षिक संस्थालाई खुलै राखेर उनी कस्तो सामाजिक दुरी कायम गर्ने योजना बनाउँदै थिए ?

अहिले आएर त सबैलाई स्पष्ट भैसकेको छ कि यदि एक हप्ता अघि मात्र अन्तर्राष्ट्रिय उडान बन्द गरिएको र भारतसँगको सीमा बन्दसहितको लकडाउन लागु गरिएको भए आज नेपाली यो त्रासको वातावरणमा बाँच्नु पर्ने रहेनछ । केही मानिस संक्रमित त थिए, तर ती सबै विदेशबाट संक्रमित भएर आएका थिए । तर गत २२ गते विदेशबाट आएका संक्रमितको उनकै परिवारको सदस्य नेपालमै बसेकी महिलामा संक्रमण सरेपछि कोरोना भाइरसको संक्रमणले दोस्रो चरणमा प्रवेश गरेको सरकारी घोषणाबाट प्रष्ट भैसकेको छ । यसबीचमा संक्रमण फैलिएको छिमेकी भारतबाट करिब १ लाख ४० हजार मानिस नेपाल प्रवेश गरेको कुरा सरकारका स्वास्थसम्वन्धी प्रवक्ताले नै बताएका छन् । उनीहरूले कतिलाई संक्रमण सारे यो सबैभन्दा चिन्ताको विषय बनेको छ । उनीहरूमध्ये धेरै त फेला परे कैयौं जना फेलै परेका छैनन् र फेला परेकाले कतिलाई संक्रमित गराए, त्यसको यथार्थ जानकारी सरकारलाई भैसकेको छैन । यी तथ्यमाथि ध्यान दिँदा नेपालमा जुन संत्रास फैलिएको छ, त्यसलाई अन्यथा भन्न मिल्दैन ।

आसन्न खतरा

भारतसँग भएको हाम्रो १८०० किमि लामो खुला सिमानाका कारण दुवै देशले ‘सीमा बन्द’ र ‘ लकडाउन’को घोषणा भैसकेपछि पनि, पहिलेको तुलनामा कम भएको भए पनि आवतजावत पुरै रोकिएको अवस्था छैन । यो नै नेपालका लागि सबैभन्दा ठूलो खतराको संकेत हो । हुन त आजका मितिसम्म भारतमा भएको संक्रमण र क्षतिको मात्रा युरोपका केही देश र संयुक्त राज्य अमेरिकाजस्तो भयावह अवस्थामा पुगिसकेको त देखिँदैन । अहिलेसम्मको भारतको भाइरस संक्रमणको अवस्था यस प्रकार छ : भाइरसद्वारा जम्मा संक्रमितको संख्या - ५ सय २१८, मृत्यु भएको १६९ जनाको, निको भएकाहरूको संख्या ४७७ । कुल जनसंख्या करिव १ अरब ३० करोड भएको देशका लागि यो संख्या आफैं भयावह होइन । तर, केही विश्लेषकहरूले भारतमा कोरोना भाइरसको विकासक्रमलाई इटालीकोसँग तुलना गरेका छन् । अहिलेसम्मको यसको विकासक्रमको ग्राफ लगभग मिल्दोजुल्दो छ भन्ने उनीहरूको भनाइ छ । दुईवटा ग्राफको कर्भलाई हेर्दा समान किसिमको नै देखिन्छ । परन्तु, भारतको अवस्था इटालीकै जस्तो हुन्छ नै भन्ने ग्यारेण्टी पनि छैन । दुई देशको अवस्था विभिन्न दृष्टिले भिन्न छ । तुलनात्मक रूपमा इटालीको भन्दा भारतको राम्रो पक्ष पनि छ । पहिलो, भारतले चाँडै लकडाउन गर्ने काम गऱ्यो । संक्रमणलाई रोक्नका लागि यो निकै कारगर विधि मानिन्छ । दोस्रो, भारतमा अब गर्मी निकै चढिसकेको छ । भनिन्छ, गर्मीमा यो भाइरस त्यति सकृय हुन सक्दैन, जति जाडोमा हुन सक्दछ । यदि यो भनाई सत्य हो भने भारतलाई यसबाट निकै फाइदा हुन सक्दछ । यी दुई महत्वपूर्ण पक्षहरू हुन् जसले भारतको अवस्था तुलनात्मक रूपमा राम्रो हुन सक्दछ ।

जहाँसम्म नेपालको भाइरस संक्रमणको स्थिति हो, यो ९ मा पुगेर स्थिर भएको छ । यसबाट त्यति डराइ हाल्नुपर्ने अवस्था देखिँदैन । विशेषज्ञहरूको भनाइ के छ भने पर्याप्त मात्रामा जाँच हुन नसकेको कारणबाट यो संख्या कम देखिएको हुन सक्दछ । यसका साथै समूहमा मानिसहरूको हिँडडुल र उठबसका घटनाक्रमहरू धेरै ठाउँमा र पटक-पटक भएका छन् । खासगरी भारतबाट आएकामध्ये क्वारेन्टाइनमा नबस्नेहरूको संख्या धेरै भएका हुनाले कतै भित्रभित्रै त्यो संक्रमित भैरहेको त छैन ? भन्ने आशंका भैरहने गरेको छ ।

हामीलाई थाहा भैसकेको छ कि हाम्रो अवस्था कोरोना भाइरस दोस्रो चरणमा प्रवेश गरिसकेको अवस्था हो । यसभन्दा पनि खराब अवस्था भनेको व्यक्तिमा फैलिएको संक्रमण समुदायमा फैलिने हो । यो अवस्था हामीले आउन दिनै हुँदैन, कुनै हालतमा पनि । यसलाई हामीले यहीं रोक्न सक्नु पर्दछ र हामी रोक्न सक्दछौं पनि । तर यसमा सफलता पाउनका निमित्त सबैले एकैसाथ प्रयास गर्नु पर्दछ । एकजनाले मात्र गल्ती गरिदियो भने सयकडौंमा उसले संक्रमण फैलाउन सक्छ । त्यसपछि त त्यो अनियन्त्रित तिर जान सकिहाल्छ । खतराको घण्टी बजिसकेको छ । हामीले गम्भीरतापूर्वक लिनु पर्दछ । हामी सफल हुन सक्दछौं । एकतावद्ध होउँ ।

नेपाल सरकारलाई धेरै सुझावहरू पहिले नै दिइसकिएको छ । यसमा थप तीनवटा सुझाव मात्र यतिखेर म दिन चाहन्छु :

१) भारतसँगको आवत-जावत बन्द हुने गरी सिमा बन्द गरिनु पर्दछ ।

२) अन्तर्राष्ट्रिय विमान सेवा अनिश्चितकालका लागि बन्द गरिनु पर्दछ ।

३) लकडाउन गर्नका लागि अविलम्ब ज्यालादारी मजदुर र तल्लो वर्गका दैनिक समस्याको अविलम्ब हल गर्ने व्यवस्था गर्नु पर्दछ ।

२०७६ । १२ । २८

## पात्र कि....

यसले आफ्नो स्वार्थनुकूल हरेकलाई उपयोग गर्ने कोसिस गर्दछ । उपयोगको चरणमा यसले प्रत्येकलाई नायकजस्तो बनाई दिन्छ मानौं उसले अब कहिल्यै पछाडि फर्कनुपर्ने छैन । तर जब उसको उपादेयता सकिदै जान थाल्छ एक निमेषमा उसको नायकत्व खरानी खरानी हुन्छ । आजसम्मको उसको परिचय वा अस्तित्व पुनः कहिल्यै जीवित भएर फर्कन सक्दैन । पछिल्लो समयमा नेपालका संसदवादी पार्टीहरू शृंखलाबद्ध रूपमा दलाल पुँजीवादको शिकार बन्दै गएको देखिन्छ । दुईतिहाइको भनिने अहिलेको सरकार दलाल पुँजीवादका अगाडि बाघका लागि मृगको शिकार जतिको पनि होइन ।

आज नेपालमा दलाल पुँजीवाद हावी मात्रै भएको छैन अपितु राज्य र राज्य सञ्चालनका हरेक तहमा निर्णायक देखिएको छ । यो कुनै एउटा पात्र वा घटना विशेषको कारण मात्रै सम्भव हुन सक्दैन । यस्को मुख्य कारण भनेको हाम्रो राजनीतिक प्रणाली हो । हाम्रो राजनीतिक व्यवस्था हो । तसर्थ बहसका हाम्रा परम्परागत सीमाहरू तोडौ । विश्वभर अलोकप्रिय र प्रायः असफल बन्दै गएको दलाल संसदीय व्यवस्थाको विकल्प खोजौ । यो नेपालका श्रमिक किसानहरू, युवा विद्यार्थीहरू, पत्रकारहरू, कर्मचारीहरू अर्थात यो देशलाई माया गर्ने सम्पूर्ण देशभक्त नेपालीहरू सचेततापूर्वक अगाडि बढ्ने समयको हो । आउ प्रिय युवाहरू उठौ, बोलौ र खबरदारी गरौ, आवश्यकता पऱ्यो भने, समाजले माग्यो भने, देशले माग्यो भने र युगले माग्यो भने अर्को विद्रोहको र बलिदानको इतिहास रचौं । यो व्यवस्था ध्वस्त गर्न सम्भव छ र सम्भव छ नयाँ जनवादी क्रान्ति ! वैज्ञानिक समाजवाद नै अबको हाम्रो विकल्प र गन्तव्य हो !

## आफू...

कुक (२०२०) ले भनेका छन्- “कोरोनाजस्तो महामारीका मुख्य कारणमध्ये मान्छे र जनावरबीच बिग्रँदो सम्बन्ध पनि एक हो । तथापि यो नयाँ भने होइन । यसलाई राज्यले व्यवस्थापन गर्न सक्छ । तर पनि राज्यको ध्यान अर्थतन्त्रबाहिर गएको देखिन्न । प्रकृति र मान्छेको बीचमा सम्बन्ध कसरी बिग्रन नदिने भन्नेबारे सोचिएकै छैन । मान्छेको खाद्य तथा सामाजिक सम्बन्धलाई जोखिमयुक्त बन्न नदिनेबारे मनन गरिएको छैन ।”

यसमा जोड दिदै फेडरिक कुकले लेख्छन्-“सुरक्षित र अनुशासित खाद्यउपभोग नै महामारीका प्रतिरोधक हुन् । तर नयाँ खानेकुराको बढ्दो आविष्कार र प्रयोगले मान्छे र प्रकृतिको सम्बन्ध नै खलबलिएका छन् । जुन स्वस्थ मान्छेको चुनौती हो । यसलाई कम गर्न, मान्छेको समृद्धि र प्रगतिको भोक अनुशासित बनाउनुको अर्को विकल्प छैन । यो नै भोलिको महामारी नियन्त्रणको भरपर्दो बाटो हो । अब प्रकृति बेचबिखनको वस्तु मात्र होइन । यो त मान्छेको जीवन र अस्तित्व हो भन्ने अहिले ती नवउदारवादी पुँजीवादी विद्यानहरूले बुझ्नुपर्छ । वन्यजन्तु मान्छेका लागि किन यति डरलाग्दो भयो । यसको सामाजिक र सांस्कृतिक पक्षबाट खोजी र चर्चा हुनुपर्छ ।”

***एकाधिकार पुँजीवादी विकासले ल्याएको नकारात्मक पक्ष***

तर जसरी पुँजीवादी विकासले गर्दा गाउँहरू सहरका कारण रित्तिएका छन्, सहर मान्छेको हूलले भरिएको छ, यही रूपमा अघि बढ्दै गएमा आउँदा दिनमा कोरोनाभन्दा पनि अझै भयानक महामारी आउने पक्का छ । यो फेरि पनि सहरमै दोहोरिनेछ । राष्ट्र संघको ‘रिभिजन अफ वर्ल्ड अर्बानाइजेसन प्रस्पेक्ट, २०१८’ ले सन् २०५० सम्ममा विश्वका ६८ प्रतिशत मानिस सहरमा बस्ने अनुमान गरिसकेको छ । अहिले नै विश्वमा ४ अर्ब २३ करोड मान्छे सहरमा बस्छन्, जसले खेतीपाती गर्दैनन्, उद्योग, व्यापार र नोकरी गर्छन् । यो संख्या अबको ३० वर्षमा एसिया र अफ्रिकामा मात्रै २ अर्ब २५ करोडले बढ्नेछ । विश्वका ८० प्रतिशतभन्दा बढी मानिस परम्परागत खेतीबाट बाहिर हुनेछन् । त्यतिखेर एशस्यका भारतसँग ४१ करोड ६० लाख, चीनसँग २५ करोड ५० लाख र अफ्रिकाको नाइजेरियासँग १८ करोड ९० लाख थप सहरी जनसंख्या हुनेछ । अब कल्पना गरौं । यो जनसंख्याका लागि बहुराष्ट्रिय कम्पनीहरूले ‘मास-फुड-सप्लाई’ गर्न कति वनजंगल र जंगली पशुपक्षी तहसनहस गर्नेछन् ?

अहिले विश्वमा राज गरिहेको एकाधिकार पुंजीवाद उद्योगसँगै सहर बनाउने काममा पनि दौडिरहेको छ । धेरै कमाइ हुने भएपछि मान्छेहरू सहरतिर ओइरिएका छन् । जर्नल अफ अवेसिटी प्रिभेन्सन (२०१०) ले भनेको छ -“अहिले धेरै मान्छे धेरैथरी खाने कुरा किन्न सक्ने भएका छन् । यसले गर्दा खाद्यान्नको माग र उपभोग अस्वाभाविक चुलिएको छ । सन् १९८० यता सहरमा बस्ने मान्छेले आफूलाई चाहिनेभन्दा ६० प्रतिशत बढी खाद्यान्न उपभोग गर्छन् । तर यही बेला विश्व बैंकले नेपालमा मात्रै बर्सेनि झन्डै ३९ हजार मेट्रिक टन खाद्यान्न आपूर्तिको अभाव रहेको तथ्य निकालेको छ । अहिले खाद्यान्नको उत्पादन जीवनका लागि होइन, बेचबिखनका लागि हुन्छन् । कारखाना, बजार र व्यापारले गर्दा मान्छेको सम्पर्क पहिलेभन्दा बाक्लो र नजिक भएको छ । जति मानिस सहरमा खाँदिएका छन् कोरोनाजस्ता महामारी पनि उति नै बलियो बन्दै गएका छन् ।

जर्नल लेख्छ-“खानेकुराको प्रकार र प्रकृति यति जटिल भएकोछ, यसले मानिसको जीवन तथा काम गर्ने शैली नै बदली दिएको छ । योसँगै पृथ्वी र पशुपक्षीसँग मानिसका सम्बन्ध पनि बदलिएको छ । खानेकुरामा पशुपक्षीको उपभोग अत्यधिक बढेको छ । अहिले मासुका लागि मात्रै जंगली पशुपक्षीको उपभोग ७३ प्रतिशतले बढेको छ । विश्वभर मान्छेले दैनिक आफ्नो खानाको ६२ प्रतिशत हिस्सा मासुले भर्छन् । यो सबै कसरी सम्भव भयो ? सहरमा कैयौं खाद्य-उद्योग फस्टाएका छन् । र, खानेकुराको हजारौं प्रकारले ती उद्योग बाँचेका छन् । यसले मान्छेलाई चाहिनेभन्दा बढी खाना खान उक्साइरहेको छ । व्यावसायिक पशुपक्षीपालक र कृषि कम्पनी उसैगरी जति सकिन्छ धेरै उत्पादन गर्न हौसिएका छन् । जंगली जनावर तथा पशुपक्षीको चोरी सिकारी बढेको छ । धनि र सम्पन्नका घरमा अनावश्यक खानेकुराले भान्छा भरिएका हुन्छन् । चाहिनेभन्दा बढी अन्न फलाउन दिनदिनै जंगल सखाप भइरहेको छ । यस्तो मान्छेले आफू बसेकै पृथ्वी बेचेर समृद्धि र सन्तुष्टिको स्वाद लिइरहदा कसरी पृथ्वी (प्रकृति)चुप लागेर बस्न सक्छ र ? यसरी आफू बसेकै पृथ्वी बेचेर समृद्धि र सन्तुष्टिको स्वाद लिंन खोज्ने सामाजिक मूल्य मान्यतामाथि आक्रमण गर्ने विश्व एकाधिकार पुँजीवाद(विश्व साम्राज्यवाद) र बहुराष्ट्रिय कम्पनीका रूपमा उदायका त्यसका दलालहरूको अन्त्य र वैज्ञानिक समाजवादको विकास नहोउन्जेल यस्ता प्रकृतिजन्य माहामारी मानव समुदायमा दोहोरि रहने छन् ।

## क.हर्कबहादुर...

संयोजक रामसिंह श्रीष तथा स्मृति प्रतिष्ठानका अध्यक्ष दिपकबहादुर शाहीले बेग्लाबेग्लै वक्तव्यमार्फत हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

***वक्तव्यहरूको पूर्णपाठ तल दिइएको छः–***

‘नेपाल कम्युनिष्ट पार्टी( क्रान्तिकारी माओवादी)का तत्कालीन पोलिटब्यूरो सदस्य क.हर्कबहादुर शाही ‘क.दिनेश’ को एक वर्षअघि २०७५ साल चैत २६ गते देहान्त भएको थियो । प्रथम वार्षिकीको उहाँको दिनमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

दैलेखको विकट गाउँको निम्न वर्गीय किसान परिवारमा जन्मेर देशको राजनीतिक र सामाजिक परिवर्तनमा उहाँले निर्वाह गर्नुभएको भूमिकाको पार्टीले उच्च सम्मान व्यक्त गर्दछ । वर्गसंघर्षमा सदैव सर्वहारा पक्षधरताको वकालत गर्नुहुने उहाँ जीवनको अन्तिमकालसम्म पनि क्रान्ति र आमूल परिवर्तनको पक्षमा सतिसाल भएर उभिनु भएको थियो । उहाँले अवलम्बन गर्नुभएको पक्षधरता नै क्रान्ति र परिवर्तनको निम्ति समर्पित सबैको निम्ति प्रेरणाको श्रोत बन्ने कुरामा हामी विश्वस्त छौं ।

अन्तमा यही २०७६ चैत २६ गते वार्षिकीको दिन उहाँको स्मृतिमा पार्टीको तर्फबाट हर्कबहादुर शाही स्मृति ग्रन्थ प्रकाशन गर्ने योजना हाल विश्व मानव समुदाय माथि आएको संकट र विषम परि स्थिति नोबेल कोरोना भाइरस (कोभिड-१९)का कारण सम्भव हुन सकेन । परिस्थिति अनुकूल हुनासाथ हामी त्यो काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दै पार्टीपंक्ति, परिवारजन र आम जनसमुदायमा उहाँले देखाउनु भएको बाटोमा निरन्तर क्रियाशील रहन हार्दिक अनुरोध छ । साथै नोबेल कोरोना भाइरस (कोभिड १९) बाट बच्न उच्चसतर्कताका लागि आग्रह गर्दछौं ।

क्रान्तिकारी अभिवादनसहित

संयोजक

*रामसिंह श्रीष*
*क. हर्कबहादुर शाही स्मृति ग्रन्थ सम्पादन तथा व्यवस्थापन समिति*
*र स्थायी समिति सदस्य नेकपा(क्रान्तिकारी माओवादी)’*
*मिति २०७६ चैत २६ गते*

**‘हार्दिक श्रदाञ्जली !**

आज मिति २०७६/१२/२६ गते नेपाली शोषित पीडित सर्वहारावर्गका नेता दैलेखको विकट गाउँ चामुण्डा गाविस वडा नं. ४ को काफलरुखमा जन्मनु भएका क.हर्कवहादुर शाहीको देहवसान भएको वर्ष दिन पुगेकाले उहाँको यस प्रथम बार्षिक स्मृति दिवसका अवसरमा उहाँको सम्मान, सम्झना र प्रतिबद्धतासहित हार्दिक श्रदाञ्जली ब्यक्त गर्दछौं ।

वैज्ञानिक, न्यायपूर्ण र समतामूलक समाज निर्माणका लागि नेपाली राजनैतिक क्षेत्रमा साढे ५ दशक आफ्नो जीवनको अन्तसम्म अहोरात्र लागि रहनु भएका क. शाही क्रान्किारी, जुझारु, सालीन, इमान्दार र जनप्रिय नेताका रूपमा सम्पूर्ण सर्वहारा उत्पीडित जनता माझ स्थापित र परिचित हुनुहुन्थ्यो ।

मालेमावाद/विचारधारामा प्रतिबद्ध भई वामपन्थी राजनीतिमा संलग्न भएर आमूल परिवर्तनका लागि क्रियासिल रहनुभएका उहाँ नेकपा (क्रान्तिकारी माओवादी) को पोलिटब्यूरो सदस्य भई सक्रिय रूपमा कार्यरत हुँदाहुँदै हामीबाट विदा लिनुभएको थियो । उहाँको स्मृतिमा स्मारिका र उहाँका लेख, रचना र साहित्य प्रकाशन गर्ने उद्देश्यका साथ काम गरिरहेको सन्दर्भमा हाल मानव समुदायको संकटका रूपमा विश्वभरि देखापरेको नोवेल कोरोना भाइरस (कोभिड-१९) का कारण रोकिन गएको छ । लकडाउन खुलेलगत्तै प्रकाशन गर्ने प्रतिबद्धता जाहेर गर्दछौं । धन्यवाद !’

*दिपकबहादुर शाही*
*अध्यक्ष*
*मितिः २०७६ चैत्र २६ गते*


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वव्यापी महाकारीको रूपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा ‘कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष’ खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघसंस्तथाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।**
**बैंकको नाम : राष्ट्रिय वाणिज्य बैंक**
**शाखाः सिंहदरबार परिसर**
**खाताको नाम : कोरानो भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार होष**
**खाता नं. १९६००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

**रोयल बुईपा A/C जम्बो हाईस**

**गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म**

| काठमाडौं सम्पर्क नम्बर | | गाईघाट सम्पर्क नम्बर | |
|---|---|---|---|
| बसन्त खड्का | – ९८४२८३७७९३ | फोन नं. | ०३५–४२१६४३ |
| | – ९८१७७१९६९७ | पुरुषोत्तम खनाल | – ९८५२८३५६९० |
| ईन्द्र कट्टेल | – ९८१८४१५२९० | | – ९८१५७८४८७४ |

**दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
**खोटाङ यातायात प्रा.लि.**
काठमाडौंबाट- **हलेसी,** ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।
**सम्पर्क–**
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दित्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

## आलोपालो

# पात्र कि प्रणाली: भ्रष्टाचार कहाँ खोज्ने ?

*आउ प्रिय युवाहरू उठौं, बोलौं र खबरदारी गरौं, आवश्यकता पऱ्यो भने, समाजले माग्यो भने, देशले माग्यो भने र युगले माग्यो भने अर्को विद्रोहको र बलिदानको इतिहास रचौं । यो व्यवस्था ध्वस्त गर्न सम्भव छ र सम्भव छ नयाँ जनवादी क्रान्ति ! वैज्ञानिक समाजवाद नै अबको हाम्रो विकल्प र गन्तव्य हो !*



● वसन्त बोगटी ●

आज देशमा जुन प्रकारको लुटतन्त्र, कमिसनतन्त्र र भ्रष्टाचारको खेती मौलाएको छ कि यसले आधुनिक नेपाल राज्य निर्माणदेखि यताका सबै कीर्तिमानहरू तोडेको छ । ३३ किलो सुन प्रकरण, वाइडबडी जहाज खरिद प्रकरण, बालुवाटारको जग्गा खरिद प्रकरण, एनसेलको कर प्रकरण, नेपाल टेलिकमको जी४ सेवा विस्तार प्रकरण, नेपाल ट्रस्टको नाममा रहेको जग्गासहित राष्ट्रिय निकुञ्जको जग्गा व्यापारिक समूह यति ग्रुपलाई कौडीको मूल्यमा हस्तान्तरण गर्ने प्रकरण र पछिल्लो ओम्नी प्रकरणसम्म आइपुग्दा यो चौतर्फी उदाङ्गो मात्रै भएको छैन अपितु दलाल संसदीय व्यवस्थामा राज्य कसरी संस्थागत भ्रष्टाचारमा संलग्न हुन्छ भन्ने चिजलाई स्पष्ट गरेको छ । योसँगै भ्रष्टाचार आज राष्ट्रिय सरोकार र बहसको विषय बनेको छ । नेपालको बौद्धिक समुदाय र विभिन्न राजनीतिक सामाजिक अभियन्ताहरूसमेत यस प्रकारको स्थितिका बारेमा पक्ष/विपक्षमा बहस चलाउँदै छन् । पछिल्लो समय नेपाली कांग्रेसजस्तो पार्टी पनि यो बहसमा सहभागी भएको छ । सापेक्षित यो सकारात्मक कुरा भए पनि उसको विगतले यसलाई हास्यास्पद बनाएको छ । हामीले जनतालाई कुन कुरा प्रष्ट भन्दिनु पर्छ भने नेपाली कांग्रेस नेपालको राजनीतिक उथलपुथलको ७० वर्षको इतिहासमा देशमा सबैभन्दा बढी शासन गर्ने राजनीतिक पार्टी हो । उसले आफ्नो शासनकालमा राष्ट्रघात, जनघात र भ्रष्टाचारका डरलाग्दा कीर्तिमानहरू कायम गरेको छ । र अहिले पनि ठूलाठूला राष्ट्रघात र भ्रष्टाचारमा ओली सरकारको सारथी बनेर उभिएको छ । तसर्थ यो बुझ्न जरुरी भएको छ कि अबको बहसलाई कुनै नेता विशेष वा पार्टी विशेषको विकल्पमा मात्रै सीमित गरिनु हुँदैन । हाम्रो मत र अहिलेको वास्तविक यथार्थ पनि के हो भने यसलाई व्यापक गरिनु पर्छ र आवश्यकतामा अहिलेको व्यवस्थाको विकल्पको चरणसम्म खुल्ला राखिनु पर्दछ । अन्यथा सोल्पाको खाङसाङ, खाङसाङको सोल्पा, काट पैसाको काट पैसा भन्ने नेपाली उखानलाई चरितार्थ गर्नुबाहेक यसको थप औचित्य र सार्थकता हुँदैन ।

आज भ्रष्टाचार राष्ट्रिय रोग बनेको छ । यसलाई कहाँ-कहाँ खोज्ने ? लुटतन्त्र, कमिसनतन्त्र वा अनियमिततालाई कहाँ-कहाँ खोज्ने ? कहाँ-कहाँ रोक्ने ? यो उत्तर अलि असजिलो पनि छ । तर यो सजिलो पनि छ कि आज भ्रष्टाचार अनियमितता यत्रतत्र सर्वत्र छ । यो व्यवस्थासँग जोडिएका प्रत्येक इकाईदेखि बालुवाटारसम्म यो व्याप्त छ । के आज एउटा व्यक्ति भ्रष्ट छ ? हो एउटा व्यक्ति पनि भ्रष्ट छ तर मुख्य कुरा यो प्रणाली नै भ्रष्ट छ, यो व्यवस्था नै भ्रष्ट छ । के भ्रष्टहरूको कुनै वर्ग, पद वा जिम्मेवारी हुन्छ ? हुँदैन । के उनीहरूको देश हुन्छ ? त्यो पनि प्रष्ट छ हुँदैन । के उनीहरूको इज्जत हुन्छ ? त्यो पनि, हुँदैन । भ्रष्टहरूको कुनै सामाजिक वर्ग, पद, जिम्मेवारी वा दायित्व केही पनि हुँदैन । उनीहरूसँग कुनै दीर्घकालीन सोच वा योजना पनि हुँदैन । त्यसैले त आज पनि उनीहरू देशको संकटपूर्ण अवस्थाको फाइदा उठाउँदै टेस्ट किट, पिपिईलगायतका स्वास्थ्य सामग्रीको खरिदमा अकूत भ्रष्टाचार गरिरहेछन् । तथ्यहरूको आधारमा हामी प्रष्ट भन्न सक्छौं कि यो पुँजीवादी विश्व व्यवस्थाले पैदा गरेको विल्कुल एक प्रकारको रोगी चिन्तन हो । नेपालको सन्दर्भमा प्रतिक्रियावादी संसदीय व्यवस्थामार्फत् दलाल पुँजीवादले यसलाई निरन्तर मलजल र संरक्षण गरिरहेको छ ।

आज देशमा दलाल पुँजीवादीहरूको बोलवाला रहेको प्रतिक्रियावादी संसदीय व्यवस्था विद्यमान छ जुन फासीवाद उन्मुख देखिन्छ । दलाल पुँजीवाद हाम्रोजस्तो मुलुकका लागि कोरोनाभन्दा पनि शक्तिशाली भाइरस हो जो निकै नै मन्द गतिमा आउँछ र राज्यको सामाजिक आर्थिक राजनीतिक क्षेत्रमा आफ्नो प्रभाव विस्तार गर्न कोसिस गर्छ । यसको विशेषता भनेको अधिकतम उपयोग र नाफा हो । योसँगै राष्ट्रिय पुँजी वा अर्थतन्त्रलाई तहसनहस गर्नु, राष्ट्रिय पुँजीपतिहरूलाई निरन्तर कमजोर बनाउनु, अन्ततः ध्वस्त गर्नु र देशलाई कंगाल बनाउनु यसको अर्को विशेषता हो । *बाँकी ७ पेजमा*

## महामारी...

रिपोर्ट नेगेटिभ आए पनि विज्ञ चिकित्सकहरूका अनुसार दोस्रो र तेस्रो परीक्षणमा पोजेटिभ देखिन सक्ने दावी गरेका छन् । यस आधारमा भन्ने हो भने यसरी मृत्यु भएका ८ जनामा कोरोना थिएन भनेर दावी गर्ने स्थिति छैन । बुटबल अस्पतालमा मृत्यु भएका बाबुराम थापाकी श्रीमतीले मृत्युको कारण बताउन माग गर्दै १० दिनसम्म शव बुझ्न नमान्दा पनि अस्पतालले मृत्युको कारण खुलाएन । कोरोनाका आशंकामा अस्पताल भर्ना भएका उनको उपचारको क्रममा मृत्युभएपछि अस्पतालले कोरोना परीक्षण नेगेटिभ आएको दावी गरेको थियो । ११ औं दिनको दिन थापाको अन्त्यष्टी गरियो । सरकारले ७ वटै प्रदेशबाट कोरोना परीक्षण थाले पनि परीक्षण कार्य एकातिर सुस्त रहेको छ भने अर्कोतिर परीक्षणकै गुणस्तरमा समेत आशंका गर्न थालिएको छ ।

***लकडाउन लम्बिंदा भोकमरीको अवस्था भयावह***

चैत्र ११ गतेदेखि बैशाख ३ गतेसम्म सरकारले देशव्यापी लकडाउन घोषणा गरेको छ र सरकारले लक डाउनलाई अझै पनि थप गरिने बताउँदै आएको छ । करिब १ महिनादेखिको लक डाउनका कारण दैनिक ज्यालादारी मजदुर, गरिब, तथा सुकुम्बासीलगायत न्यून आय भएका जनतामा भोकमरीको भयावह स्थिति सिर्जना भएको छ । उनीहरूको चुलो बल्न छाडेको छ । जनजीवन असाध्यै कष्टकर र अस्तव्यस्त बन्न पुगेको छ । नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायत विभिन्न राजनीतिक पार्टी तथा संघ संस्था एवम् मानवअधिकारवादीहरूले सार्वजनिक वक्तव्य जारी गरेर भोकमरीमा परेका जनतालाई राहतको व्यवस्था गर्न सरकारसित जोडदार माग गरिरहेका छन् र उनीहरूले जनतालाई राहतको व्यवस्था नगरे जनता विद्रोहमा उत्रन सक्ने चेतावनी समेत दिएका छन् ।

***राहत : गरिबलाई आहत, दलका कार्यकर्ता मालामाल***

वर्तमान ओली सरकारले न्युन आय भएका जनता तथा दैनिक ज्यालादारीका मजदुरलाई भनी राहत प्याकेज घोषणा गऱ्यो । अहिले सरकारका स्थानीय तह, विभिन्न संघ संस्थाहरूले रातह वितरण गरिरहेको बताएका छन् तर वास्तविक पीडितले राहत पाउन सकेका छैनन् । पाएकाहरूलाई पनि कुहिएको चाम, दाल तथा सढेगलेका खाद्य सामग्रीहरू बाँडिएका समाचारहरू आइरहेका छन् । अधिकांश ठाउँमा भोटर लिस्ट हेरेर आफ्नो पार्टीको कार्यकर्ता वा भोटर हो होइन भन्ने छुट्याएर मात्र राहत वितरण गरिएको छ । भोटरलिस्टमा नाम नभएका, आफ्नो पार्टीको कार्यकर्ता तथा भोटर लिस्टमा नाम नभएका जनता जतिसुकै पीडित र भोकमरीको शिकार भएको भए पनि उनीहरूले राहत पाउने स्थिति नरहेको देखिएको छ । राहत वितरणमा एकातिर गरिबीमाथि भद्दा मजाक गरिएको छ भने त्यतिकै मात्रामा भेदभाव पनि । सत्तारुढ दलका कार्यकर्ता र संसदवादी दलका स्थानीय कार्यकर्ताहरू सम्बन्धित पार्टी निकट जनप्रतिनिधिहरूसँग सेटिङ मिलाएर राहत जति आफूले कुम्ल्याउने गरेका घटनाहरू पनि सार्वजनिक भएका छन् । विभिन्न स्थानीय तहले भोकमरीको चपेटामा परेका जनतालाई यति उती दिने भनेर घोषणा गरे पनि पीडित जनताले भने घोषणा गरेको भन्दा निकै थोरै संख्यामा राहत पाउने गरेका छन् । संसदवादी दलका कार्यकर्ताहरूले राहत वितरणको नाममा फोटो सेसन गर्ने, सस्तो प्रचारबाजी गर्ने गरेको पनि जनगुनासो छ । यसरी वास्तविक पीडितहरूले राहत नाममा आहत र दलका विचौलिया प्रवृत्तिका कार्यकर्ता मालामाल बन्दै जाने स्थितिमा सुधार नहुने हो भने जनता स्वतःस्फूर्त विद्रोहमा उत्रने बातावरण नबन्ला भन्न सकिन्न ।

***गैरजिम्मेवार ओली सरकार***

१- सिंगो मुलुक यस्तो महावित्तिमा परेको बेला हालै किड्नी फेरेका प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार गैरजिम्मेवार र असफल सरकारको रूपमा बद्नाम हुन पुगेको छ । यो सरकार भ्रष्टाचारी र कमिसनखोरको रूपमा पनि कलंकित बन्न पुगेको छ । यस्तो अवस्थामा प्रधानमन्त्रीले राजिनामा दिएर आराम गर्नुपर्ने र सक्षम व्यक्तिलाई मार्ग प्रशस्त गर्नुपर्ने तर ओली यति हुँदा पनि सरकारमै टास्सिएर हददर्जाको अनैतिकता र गैरजिम्मेवारिता प्रदर्शन गरिरहेको छ । यो सरकारले गरेका जनघाती र राष्ट्रघाती क्रियाकलापको सिंगो मुलुकले मूल्य चुकाउनुपर्ने स्थिति पैदा भइरहेको छ ।

२- कोरोना भाइरसको महामारी रोकथाम तथा नियन्त्रणका लागि ओली सरकारले बनाएको उपप्रधानमन्त्री इश्वर पोखरेल नेतृत्वको उच्चस्तरीय समितिले मेडिकल सामग्रीको खरिदमा ओम्नी ग्रुपमार्फत् गरेको करोडौको घोटाला र उक्त घोटला सार्वजनिक भएपछि फेरि रक्षा मन्त्री समेत रहेका पोखरेलले सेनासँग सेटिङ मिलाएर स्वास्थ्य सामग्रीको खरिदमा अर्बौं कुम्ल्याउन खोजेको घटनाक्रम सार्वजनिक भइसकेको छ । र, स्वास्थ्य सामग्री खरिद प्रकरणमा भएको घोटालाका विषयमा छानविन र कारबाहीका लागि अख्तियारमा मुद्दा समेत परिसकेकोअवस्थामाप्रधानमन्त्रीओलीले रक्षामन्त्री इश्वर पोखरेल, स्वास्थ्य मन्त्री भानुभक्त ढकालगायतलाई तत्काल पदबाट बर्खास्त गर्नुपर्ने हो तर त्यसमा ओलीले मौनता मात्रै साँधेका छैनन्, पोखरेललाई फेरि पनि हर्ताकर्ता बनाएका छन् । पोखरेल यहाँसम्मका गैरजिम्मेवार मन्त्री हुन्, जसले गएको शुक्रबार र शनिबार दुईदिन लकडाउनका कारण काठमाडौंमा थुनिएका मानिसहरूलाई गाउँ जान दिने भनेर निर्णय भएको भनेर सार्वजनिक गरे पछि उक्त निर्णय भएकै छैन भनेर हददर्जाको भुटो समेत बोल्न भ्याए । यहाँसम्म कि उक्त निर्णय प्रधानमन्त्री कार्यालयको वेवसाइटमा समेत प्रकाशित भइसकेको थियो । पछि निर्णय नै नभएको छलफल मात्र भएको भनेर सिंगो नेपाली जनतालाई बेबकुफ बनाउने काम गरे ।

३- मजदुरी गर्न भारत गएको लाखौं नेपालीहरू कोरोना भाइरसको बढ्दो महामारीसँगै आफ्नो घर फर्के । तर सरकारले उनीहरूलाई नेपाल-भारतको सीमामै रोक्यो । नेपाल आउन दिएन । भोकभोकै सीमा नेपालीहरूले कैयौं रात बिताए तर सरकारले उनीहरूप्रति रति पनि दया देखाएन । बरु उल्टै प्रहरी प्रशासन लगाएर मारपिट गऱ्यो । उनीहरूलाई नेपाल भित्र्याएर १४ दिनसम्म क्वारेन्टाइनमा राखेर आ-आफ्नो घर परिवारकोमा पठाउन चौतर्फी रूपमा दबाब सिर्जना गरिदा पनि सरकारले सुनेन । अहिले पनि सीमा क्षेत्रमा हजारौं नेपालीहरू क्वारेन्टाइनमा बसिरहेका छन् । र, कतिपय ज्यानको समेत कुनै प्रवाह नगरी महाकाली नदीमा पौडिएर नेपाल छिरेका समाचारहरू पनि आइरहेका छन् । त्यसैगरी विदेशका विभिन्न देशमा भएका नेपालीहरूको अवस्था, स्वास्थ्य स्थितिको बारेमा पनि सरकारले चोसो र चिन्ताका साथ सोधीखोजी गर्ने र पीडितहरूलाई उद्दार गर्ने विषयमा सरकार पूरै गैरजिम्मेवार बनेको छ । नेपालमा अलपत्र परेका विदेशीहरूलाई विभिन्न देशले प्लेन चार्टर्ड गरेर आफ्ना नागरिकहरूको उद्दार गरिरहँदा नेपाल सरकार भने विदेशमा अलपत्र अवस्थामा रहेका नेपालीहरूको उद्दारमा आफ्नो नालायकी प्रदर्शन गरिरहेको छ ।

४- अहिलेको यस्तो विषम परि स्थितिमा कोरोना भाइरसको महामारीलाई पराजित गर्न अर्थात् जनताको स्वास्थ्यको रक्षा गर्न सिंगो राष्ट्रको एकता खाँचो छ । प्रतिपक्षी दल नेपाली कांग्रेससहित संसदमा प्रतिनिधित्व गर्ने दलहरू र संसदबाहिर रहेका मोहन वैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा लगायत सबैले सरकारसँग यो महामारीमा सहकार्य गर्न तयार रहेको र यो बेला सिंगो राष्ट्र एकढिक्का भएर कोरोना भाइरसका विरुद्ध लड्नुपर्ने भनेर सार्वजनिक वक्तव्य नै जारी गरेर भनिरहँदा ओली नेतृत्वको सरकारले भने त्यसप्रति पुरै नजरअन्दाज गरेको छ । केन्द्रदेखि स्थानीयतहसम्म सर्वदलीय संयन्त्र बनाएर नागरिक प्रशासनको प्रभावकारी परिचालन गरी सम्भावित जोखिम न्युनीकरणका लागि ठोस कदम चाल्नुपर्ने बेला 'विनाशकाले विपरीत बुद्धि' भनेझै ओली नेतृत्वको सरकार भनेर सर्वदलीय संयन्त्रको कुनै आवश्यकता नरहेको भन्दै आफ्नै दलको समेत सुझाब सल्लाहलाई लत्याउँदै आगाडि बढिरहेको छ र एकपछि अर्को गैरजिम्मेवारपुर्ण निर्णयहरू जनतामाथि थुपार्दै लगेको छ । र, ओली सरकारले गरेको गल्तीको मुल्य सिंगो मुलुकले चुकाउनुपर्ने स्थिति पैदा भइरहेको छ ।

५- महामारीमा फ्रन्ट मोर्चा सम्हालेकामाथि नै ओली नेतृत्वको सरकारलेप्रहारगरिरहेकोछ।स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र मिडियाकर्मीले अहिले यो महामारीमा फ्रन्टमोर्चामा रहेर काम गरिरहेका छन् । उनीहरूलाई पर्याप्त स्वास्थ्य सामग्री, आकर्षक तलब सुविधा र उच्च मनोबल तथा हौसला प्रदान गर्नुपर्नेमा सरकारले उनीहरूको तलब कटौती गरेर राहत कोषमा जम्मा गर्ने निर्णय गरेर उनीहरूको मनोबल गिराउने कार्य गरेको छ । रातारात भ्रष्टाचार गरेर महल ठड्याएका र चिल्लो कारमा हुँइकिने राजनीतिक पार्टीका नेताहरूको सम्पत्ति, शिक्षा र स्वास्थ्यमा ब्रम्हलुट मच्चाइ अकूत सम्पत्ति जम्मा गर्ने माफियाहरूको सम्पत्ति जफत गरी त्यस्तो कोषमा जम्मा गर्नुपर्नेमा सांसद, मन्त्री, सांसदकोषको पैसा समेत कोषमा जम्मा गर्ने निर्णय नगरी रातदिन नभनी जनताको स्वास्थ्य र सुरक्षामा खटिनेहरू कर्मचारी तथा सुरक्षाकर्मीहरूको लतब कटौती गर्ने निर्णय गरेर सरकारले आफ्नो नालायकीपन प्रदर्शन गरिरहेको छ । यस्तो प्रतिकूल परिस्थितिमा पनि जोखिम मोलेर जनतालाई दिनरात नभनी सूचना सम्प्रेषण गरिरहने मिडियाकर्मी, सञ्चारकर्मी तथा पत्रकारहरूलाई सरकारले पुरै बेवास्ता गरेको छ र अर्कोतिर सम्बन्धित मिडियाहाउसले पनि तलब सुविधा नदिएका समाचारहरू आइरहेका छन् । नेपाल पत्रकार महासंघ, क्रान्तिकारी पत्रकार महासंघ लगायत विभिन्न संघ संस्थाले वक्तव्य नै जारी गरी पत्रकारको लागि विशेष कोषको व्यवस्था गर्न, उनीहरूले पाउँदै आएको सेवा सुविधा समयमै उपलब्ध गराउन, थप सेवा सुविधाको व्यवस्था गर्न र पर्याप्त मात्रामा स्वास्थ्य सामग्री उपलब्ध गराउन माग गरेका छन् ।

र अन्त्यमा, नेपालमा महामारी र भोकमरीको समस्या एकसाथ झेलिरहेका जनताले बडो धैर्यतापूर्वक यो विषम परिस्थितिमा ओली नेतृत्वको सरकारलाई साथ दिइरहेका छन् । र, सरकारले घोषणा गरेका हरेक निर्णय कार्यान्वयनमा सघाइरहेका छन् । तर यदि यो सरकारले आफ्ना गैरजिम्मेवार पूर्ण रवैयाहरू दोहोऱ्याइरहने र आफ्नो नालायकीपन प्रदर्शन गरिरहने हो भने जनताको धैयर्ताको बाँध एकदिन अवश्य टुट्न सक्छ र जनता स्वतःस्फूर्त सडकमा निस्कने परिस्थिति सिर्जना हुन सक्दछ । त्यसबेला यो सरकारलाई आफ्नो आयु लम्ब्याउन लगभग असम्भव हुनेछ । देशमा रोग र भोकले आम अराजकता निम्त्याउने परिस्थिति ओली सरकार आफैले सिर्जना गरिरहेको छ । त्यो अराजकता सत्ता र व्यवस्था बदल्ने जनविद्रोहमा परिणत हुन नसक्ला भन्न सकिन्न । त्यसको मूल्य ओली सरकार स्वयमूले पनि चुकाउन पर्नेछ ।












**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।